का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ असोज २०८२
शुक्रबार
19 September 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२९ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

**जेनजी आन्दोलन**

# असफल सुरक्षा कमान्डर





“जेनजी आन्दोलनमा भएको घटनामा सुरक्षा फोर्सबाट भएका कमजोरीलाई आवश्यक छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्छ । यस्ता कमजोरीलाई सुधार्न सुरक्षा निकायलाई दलीयकरणबाट टाढै राख्नुपर्छ

**हेमन्त मल्ल**
पूर्व डिआईजी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ असोज

प्रहरीले २३ भदौमा संसद् भवनबाहिर गरेको बर्बर दमनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकको जति चर्को आलोचना भइरहेको छ तर आन्दोलन नियन्त्रणको कमान्ड हाँकेका प्रहरी र गृह प्रशासकलाई भने उन्मुक्ति दिइएको छ । राजनीतिक उथलपुथलकाबीच मुलुकको अवस्थालाई सही दिशानिर्देश गर्न बनेको अन्तरिम सरकारमा तिनै असफल कमान्डरकै हालीमुहाली देखिएको हो ।

सरकारले जेनजी आन्दोलनमा कुशलतापूर्वक नेतृत्व सम्हाल्न नसकेका सुरक्षा अधिकारीहरूलाई नै अहिलेसम्म निरन्तरता दिइरहेको छ। आन्दोलनमा भएको दमनबारे छानबिनको दायरामा रहेकाहरू नै प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालको दायाँबायाँ देखिइरहेका छन् ।

आन्दोलनकारीमाथि भएको अन्धाधुन्ध गोली प्रहारमा गृहसचिव गोकर्णमणि दुवाडीसहित सुरक्षा अंगका प्रमुख र प्रशासनिक नेतृत्वको भूमिकाको आलोचना हुँदै आएको छ । उनीहरूकै कमान्ड कायमै रहँदा घटनाको छानबिन प्रभावित हुने भन्दै जेनजी अगुवाहरूले तत्काल जिम्मेवारीबाट हटाउन दबाब दिइरहेका छन् । तर गृहमन्त्री अर्यालले चासो देखाएका छैनन् ।

शान्तिपूर्ण आन्दोलनमा निस्किएका युवा तथा विद्यार्थीहरूलाई एकाएक उत्तेजित बनाउनेगरी फिल्डमा खटिएका प्रहरीलाई बल प्रयोग गर्न आदेश दिइएको थियो । सुरुमा आन्दोलनको मूल्यांकन गर्न र सूचना लिन नसक्ने, निषेधित क्षेत्र तोडेपछि अन्धाधुन्ध बल प्रयोग गर्न आदेश दिएको भन्दै काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल र काठमाडौं उपत्यका प्रहरी प्रमुख वरिष्ठ उपरीक्षक (एसएसपी) विश्व अधिकारीलाई कारबाही गर्नुपर्ने आन्दोलनकारीको माग छ ।

तर सरकारले उनीहरूमाथि कुनै एक्सन लिएको छैन। जेनजी प्रदर्शनको सुरक्षामा प्रहरीबाट गम्भीर चुक भएको आमटिप्पणी भएपछि एसएसपी अधिकारीको सरुवा गरिए पनि उनीमाथि छानबिन भएको छैन । काठमाडौंका सिडिओ र प्रहरी प्रमुखलाई आदेश दिने गृहसचिव गोकर्णमणि दुवाडी र नेपाल प्रहरीका आइजिपी चन्द्रकुवेर खापुङसँग समेत सरकारले घटनाबारे सामान्य सोधपुछसमेत गरेको छैन । आफ्नो कार्यकाल सफल बनाउन प्रधानमन्त्री कार्कीले तिनै असफल कमान्डरहरूलाई अघिपछि लगाएर हिँडेकी छन् ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल सुरक्षा अंगहरूमा राजनीतीकरण हावी भएकै कारण जेनजी आन्दोलनको घटनामा सुरक्षा सतर्कता कमजोर देखिएको बताउँछन् । ‘निजामतिमा मात्रै राजनीतिकरण थियो तर अहिले सबै सुरक्षा निकायहरूमा राजनीतिकरण हुँदै गुटगत भएका कारण यो स्थिति आएको हो,’ उनले मध्यान्हसँग भने, ‘सुरक्षा अंगको भूमिका निकै कमजोर देखियो । जेनजी आन्दोलनमा भएको घटनामा सुरक्षा फोर्सबाट भएका कमजोरीलाई आवश्यक छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्छ। साथै, यस्ता कमजोरीलाई सुधार्न सुरक्षा निकायलाई दलीयकरणबाट टाढै राख्नुपर्छ ।’

भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलनले मुलुकको शासनसत्ता मात्रै »» पृष्ठ २ मा


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

- चाडपर्वको चाप बढ्ने भएकोले
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नपढौं,
- आवश्यक संख्यामा सवारीधान सञ्चालन गरौं,
- सवारी साधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवाहीसाधन नचलाऔं,

**दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## मध्यान्ह सम्पादकमा नेपाल नियुक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज



मध्यान्ह राष्ट्रिय दैनिक तथा अनलाइनको सम्पादकमा जनक नेपाल नियुक्त भएका छन् । पब्लिकेससन्सका अध्यक्ष सीतादेवी श्रेष्ठ र प्रधान सम्पादक मदनकुमार श्रेष्ठले नेपाललाई स्वागत गर्दै मध्यान्हलाई व्यावसायिक पत्रकारिताको थप उचाइमा पुऱ्याउन सफलताको शुभकामना दिएका छन् ।

दुई दशकदेखि पत्रकारितामा संलग्न नेपाल यसअघि शिलापत्र अनलाइनको सम्पादकका रूपमा कार्यरत थिए । त्यस्तै, उनीसँग नेपाल म्यागजिनमा वरिष्ठ उपसम्पादक, कान्तिपुर दैनिकमा डेढ दशक क्षेत्रीय ब्युरो प्रमुखका रूपमा काम गरेको अनुभव छ । ग्रामीण विकास र पत्रकारितामा स्नातकोत्तर नेपालले झन्डै एक दर्जन पुस्तक सम्पादन गरेका छन् । उनले न्यायको लडाइँ, प्लेयर्स सिटीलगायत डकुमेन्ट्री पनि निर्देशन गरेका छन् ।

## विदेशमा रहेका नेपालीलाई मताधिकार छैन कानुनी आधार

आवश्यक कानुन नबन्दा र प्रक्रियागत विषय नटुंगिँदा विदेशमा रहेका नेपालीले मताधिकार प्राप्त गर्न सकिरहेका छैनन् । यहीबेला सरकारले अध्यादेश ल्याएर गाँठो फुकाउने तयारी गरेको हो ।






“विदेशमै मतदान केन्द्र स्थापना गरेर त्यहीँबाट मतदान गर्न पाउने कुरा एकदम ठिक छ । अदालतले पनि यस विषयमा आदेश पनि जारी गरिसकेको छ ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ भदौ

सरकारले विदेशमा रहेका नेपालीलाई समेत मताधिकार दिनेगरी प्रचलित ऐन संशोधनको तयारी गरेको छ । यस विषयमा गृहमन्त्री र कानुन न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्यालले निर्वाचन आयोगका पदाधिकारीहरूसँग छलफल गरेका छन् ।

निर्वाचन आयोगसँगको छलफलपछि अर्यालले भनेका छन्, ‘विदेशमै मतदान केन्द्र स्थापना गरेर त्यहीँबाट मतदान गर्न पाउने कुरा एकदम ठिक छ । अदालतले पनि यस विषयमा आदेश जारी गरिसकेको छ ।’

उनका अनुसार समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा सैद्धान्तिक सहमति छ । तर आवश्यक कानुन नबन्दा र प्रक्रियागत विषय नटुंगिँदा विदेशमा रहेका नेपालीले मताधिकार प्राप्त गर्न सकिरहेका छैनन् । यहीबेला सरकारले अध्यादेश ल्याएर गाँठो फुकाउने तयारी गरेको हो ।

विदेशमा रहेका नेपालीलाई मताधिकार दिनुपर्ने विषयमा बहस हुन थालेको भने दुई दशक भयो । २०६४ सालकै चुनाव वरिपरि यो विषय उठेको थियो । तर यसको स्वीकार्यता र कानुनी आधार थिएन ।

समाजमा उठेको बहसलाई नै आधार मानेर २०६८ साल चैत ३० गते निवाचन आयोगले आयोगकै तत्कालीन सचिवको संयोजकत्वमा ‘ विदेशबाट गरिने मतदानका सम्बन्धमा सम्भाव्यता अध्ययन समिति’ बनायो । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## युएईमा धुमिल हुँदै नेपाली पहिचान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज

संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाली कामदारको भिसा रोकेको सम्बन्धमा रहेको अन्योल यथावत् छ। युएईले सोमबारबाट नेपालीका लागि भिजिट भिसा बन्द गरेको थियो। बुधबारदेखि वर्किङ भिसाका लागि पेस भएका निवेदनहरू रद्द हुने प्रतिशत बढेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् ।

करिब ४ लाख नेपाली कामदार कार्यरत रहेको उक्त मुलुकमा किन नेपाली कामदारको भिसा प्रक्रियामा अवरोध आएको हो ? भनेर त्यहाँस्थित नेपाली राजदूतावासले युएई सरकारलाई सोध्न सकिरहेको छैन । युएईले आधिकारिक रूपमा वर्किङ भिसा बन्द गरेको जानकारी नदिएसम्म नेपालले त्यस विषयमा चासो राखेर प्रश्न गर्नु कूटनैतिक रूपमा अपरिपक्व व्यवहार हुने ठानेर नेपाली राजदूतावासले युएई सरकारको औपचारिक निर्णय कुरिरहेको बताइएको छ ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण नेपालमा सरकार नै परिवर्तन र अकल्पनीय राष्ट्रिय क्षति भएको थियो । त्यस क्रममा जेल तोडेर १३ हजार कैदी र ठुलो संख्यामा थुनुवा भागेको विषय अन्तर्राष्ट्रिय चर्चाको विषय बनेको छ। भागेका कैद र थुनुवा आफ्नो मुलुक छिर्न सक्ने आंकलन गरेर युएईले अस्थायी रूपमा वर्किङ र भिजिट भिसा रोकेको धेरैको आंकलन छ ।

पछिल्ला दिनमा युएईमा नेपाली कामदार नियम उल्लंघन गर्ने समुदायमा चित्रित भएका छन् । अत्यधिक मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, श्रीमान् श्रीमतीको बहाना बनाएर युवायुवती एकै कोठामा बस्ने, त्यहाँको »» पृष्ठ २ मा

### साउदीको एमएकजी कम्पनीमा कार्यरत कामदारलाई दूतावासको आग्रह

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरेबिया, २ असोज

साउदी अरेबियाको एमएकजी कम्पनीमा कार्यरत नेपाली श्रमिकहरूले लिक्विडेसन प्रक्रियामार्फत पाउन बाँकी सेवा सुविधा पाउने प्रक्रिया अघि बढेको छ ।

कम्पनीको संरक्षकले विभिन्न माध्यमबाट सूचना जारी गरेर बाँकी रकम वितरण गरिरहेको साउदी अरबस्थित नेपाली दूतावासले जनाएको छ। रकम प्राप्त गर्ने नेपाली श्रमिकहरूको नामावली संरक्षकमार्फत दूतावासले प्राप्त गरी सार्वजनिक गरेको छ। दूतावासले »» पृष्ठ २ मा

## ब्यारेकबाट निस्किए शीर्ष नेताहरू

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २ असोज



जेनजीको आन्दोलनपछि सेनाको संरक्षणमा रहेका शीर्ष नेताहरू ब्यारेकबाट निस्किएका छन् ।

निवर्तमान प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बिहीबार सेनाको संरक्षणबाट बाहिर निस्किए। उनी भक्तपुरमा नयाँ डेरा लिएर बसेका छन्। उनी बस्दै आएको भक्तपुरकै बालकोटस्थित निवास जेनजीको आन्दोलनका क्रममा तोडफोड र आगजनी भएको छ । यसकारण ओलीले नयाँ डेरा लिएका हुन् ।

जेनजीको आन्दोलनकै कारण ओली प्रधानमन्त्री पदबाट पदच्युत भएका थिए। उनले गत भदौ २४ गते प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । राजीनामा दिए लगत्तै सेनाको संरक्षणमा रहँदै आएका उनी १० दिनपछि बाहिर निस्किएका हुन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उपचाररत रहेका छन् । उनी जेनजीको प्रदर्शनका क्रममा आफ्नै निवास बुढानिलकण्ठमा थिए । देउवा र उनका पत्नी आरजु देउवा राणा प्रर्दशनकारीबाट लछारपछारमा समेत परेका थिए ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल पनि सेनाको संरक्षणबाट बाहिर आइसकेका छन् । दुवै जना पूर्वप्रधानमन्त्री हुन् । उनीहरू गत मंगलबार आ-आफ्ना पार्टी कार्यालय पुगेका थिए ।

प्रचण्डले त यसबीचमा आफ्ना धारणा समेत निरन्तर जसो सार्वजनिक गरिरहेका छन् । मंगलबार पार्टी कार्यालय पुगेर सरसफाइमा समेत सहभागी भएका उनले नयाँ र भव्य पार्टी भवन बनाउने भन्दै कार्यकर्तालाई उत्साहित बनाउने प्रयास गरे। तर आम रुपमा देशमा भएको क्षति एकातिर रहेको देख्दा देख्दै पार्टी कार्यालयकै चिन्ता गरेको भनेर आलोचना खेपे ।

बिहीबार फेरि प्रचण्डले भिडियो सन्देश जारी गरेका छन्। संविधान दिवसको अवसरमा गरेको सम्बोधनका क्रममा उनले जेनजीको मागहरूमा समर्थन जनाएका छन् ।

उनले भनेका छन्, ‘जेनजीले उठाएका माग माओवादीले उठाउँदै आएका माग र एजेण्डा हुन् । हामीले यो विषय निरन्तर उठाइरह्यौं। सरकारमा पनि गयौं तर संख्याको कारणले सम्बोधन गराउन सकेनौं ।’ »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३ असोज २०८२ शुक्रबार
19 September 2025 Friday

# संविधान दिवस मनाइँदै



**काठमाडौं/मस–** संविधानसभाबाट संविधान जारी भएको एक दशक पूरा भएको छ । संविधान जारी भएको अवसरमा विविध कार्यक्रम गरी संविधान दिवस मनाइँदैछ। अघिल्ला वर्ष जस्तै यस वर्ष पनि संविधान दिवसको अवसरमा टुँडिखेलस्थित सैनिक मञ्चमा कार्यक्रम आयोजना हुनेछ । तर विगतको जस्तो तामझाम नगरी सामान्य तरिकाले दिवस मनाउने तयारी गरिएको छ ।

जेनजी युवा आन्दोलनपछि रक्षात्मक अवस्थामा पुगेका प्रमुख राजनीतिक दलहरुले आ-आफ्नो तरिकाले संविधान दिवस मनाउँदैछन् ।

उनीहरुले संविधान रक्षाका लागि खबरदारीसहित दिवस मनाउने तयारी गरेका छन् । जेनजी युवा आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भए पनि लोकतान्त्रिक गणतन्त्र माथि आक्रमण हुनसक्ने आशंकामा दलहरु छन् । त्यसैले उनीहरुले संविधान रक्षालाई नै केन्द्रमा राखेर दिवस मनाउने जनाएका छन् । नेपाली कांग्रेसले ७७ वटै जिल्लामा शान्तिपूर्ण तरिकाले संविधान हातमा लिएर संविधान दिवस मनाउन सर्कुलर गरिसकेको जनाएको छ ।

यसैगरी नेकपा एमालेले काठमाडौंको हकमा जेनजी आन्दोलनको क्रममा आगजनी भएको पार्टी केन्द्रीय कार्यालय परिसरमा संविधान दिवस मनाउने तयारी गरेको छ ।

नेकपा माओवादी केन्द्रले पनि जेनजी आन्दोलनमा आगजनी भएको पार्टी केन्द्रीय कार्यालय परिसरमै कार्यक्रम आयोजना गरेर संविधान दिवस मनाउने जनाएको छ । संविधान माथि खतरा पैदा भएको भन्दै हालसम्मको राजनीतिक उपलब्धि रक्षाका लागि खबरदारीसहित संविधान दिवस मनाउने जनाएको छ ।

नेपालको संविधान घोषणा भएको एक दशक पुगेको अवसरमा यस वर्ष भव्यताका साथ उत्सव मनाउने तयारीसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन गरिएको थियो । तर ७४ जनाको ज्यान जाने गरी जेनजी युवा आन्दोलनले राजनीतिक उथलउपुथलपछि सामान्य कार्यक्रम गरेर दिवस मनाउने तयारी गरिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि यही असोज ३ गते शुक्रबार अपराह्न साढे ३ बजे शीतल निवासमा कार्यक्रम आयोजना गरेर दिवस मनाउने उनको सचिवालयले जनाएको छ ।

# प्रतिनिधिसभा विघटन गर्ने निर्णयप्रति सभामुख घिमिरे असन्तुष्ट



**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले प्रतिनिधि सभा विघटन गर्ने अन्तरिम सरकारको निर्णयप्रति असन्तुष्टि जनाएका छन् ।

बिहीबार संघीय संसद भवनको क्षतिग्रस्त संरचनाको अवलोकन गरेपछि सञ्चारकर्मीहरुसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले यस्तो असन्तुष्टि राखेका हुन् ।

प्रतिनिधि सभा विघटन नगरी त्यसैबाट समाधान खोज्दा राम्रो हुनेमा त्यस्तो हुन नसकेको उनको भनाइ छ । उनले जेनजी पुस्ताको आन्दोलनको उद्देश्यको राम्रोसँग अध्ययन गरेर मुलुकलाई अगाडि बढाउनुपर्नेमा जोड दिए ।

आन्दोलनका क्रममा मुलुकले व्यहोरेको क्षति दुःखदायी भएको भन्दै उनले सबैले एकआपसमा मिलेर मुलुकलाई ठिक ढंगले अगाडि बढ्नुपने बताए । सभामुख घिमिरेले अन्तरिम सरकारको काँधमा ठुलो जिम्मेवारी रहेको उल्लेख गर्दै त्यसलाई सफलतापूर्वक सम्पन्न गर्न सकोस् भन्ने कामना पनि व्यक्त गरे ।

# राजतन्त्र स्थापना हुने सम्भावना प्रबल छ : राप्रपा



**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टीले राजतन्त्र स्थापना हुने सम्भावना प्रवल रहेको बताएको छ । बिहीबार पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै अध्यक्ष राजेन्द्रप्रसाद लिङदेनले राजा आउने सम्भावना अत्यन्त प्रवल बनेको बताएका हुन् ।

उनले जेनजी पुस्ताले गरेको आन्दोलन राजा ल्याउनका लागि नभइ भ्रष्टाचार र बेथितिका विरुद्ध भएको पनि बताए । आन्दोलनले नेपालमा दीर्घकालीन स्थायित्वका लागि, समृद्धि, श्रीवृद्धि र नेपाललाई वैदेशिक हस्तक्षेपबाट जोगाउनका लागि राजसंस्था आवश्यक रहेको पुष्टि भएको बताए । चाँडै नेपाली जनताले महशुस गरेर राजनीतिक र नेपाली जनताले राजसंस्थालाई अभिभावकीय रूपमा पुनर्स्थापित गर्नेमा आफू विश्वस्त रहेको बताए । सबै शक्तिहरूका बीचमा नयाँ समझदारी गरेर देश निर्माणमा लाग्नुपर्ने उनको भनाइ छ ।

लिङदेनले देशमा फेरि कसैले कहिल्यै द्वन्द्व गर्न नपाउने गरी र कसैले पनि आफूलाई उपेक्षित गर्न नपाउने नयाँ समझदारी कायम हुनुपर्ने माग राखे। उनले देशमा यति ठूलो समस्या हुँदा संसदले समाधान गर्न नसक्नुले नै संसद असफल भएको पुष्टि हुने जिकिर गरे । संसद पुनः स्थापना गर्नु भनेको देशलाई फेरि द्वन्द्वमा धकेल्नु रहेको बताए । अहिलेको जेनजी विद्रोहले ल्याएको सबैभन्दा ठूलो परिवर्तन पुस्तान्तरण भएको उनको भनाइ छ ।

राप्रपाले अन्तरिम सरकारले लिने निर्णय र चाल्ने कदमका आधारमा शतर्कतापूर्वक आफ्नो दृष्टिकोण तय गर्दै जाने बताएको छ । भ्रष्टाचारी र जेनजी आन्दोलनका नरसंहारकर्तालाई कारबाही हुनुपर्ने माग राप्रपाले गरेको छ। सरकार मात्रै परिवर्तन गरेर जेनजीको बलिदान सफल र पूर्ण नहुने स्पष्ट राप्रपाले पारेको छ ।

## जेनजी आन्दोलन

# निर्वाचन आयोगअन्तर्गतका ६ वटा कार्यालयमा तोडफोड र आगजनी



**काठमाडौं/मस–** जेनजी आन्दोलनका क्रममा निर्वाचन आयोग अन्तर्गतका ६ वटा कार्यालयहरुमा तोडफोड र आगजनी भएको छ ।

भदौ २३ रु २४ गते जेनजी पुस्ताले गरेको आन्दोलनमा यि घटनाहरु भएको निर्वाचन आयोगले जनाएको हो । निर्वाचन आयोगको सचिवालयको एउटा मोटरसाइकल, निर्वाचन कार्यालय इलामका कार्यालय तोडफोड र सामग्रीहरु जलाइएको निर्वाचन आयोगका सहसचिव राजेन्द्र केसीले बताए ।

उनकाअनुसार प्रदेश निर्वाचन कार्यालय मोरङको कार्यालयमा तोडफोड र सामग्रीहरु चोरी भएको, जिल्ला निर्वाचन कार्यालय सप्तरीको कार्यालयमा आगजनी र सामान चोरी भएको साथै मोटरसाइकल जलाइएको छ । त्यस्तै जिल्ला निर्वाचन कार्यालय चितवनमा भवन तथा चारपाङ्गे सवारी साधन आगजनी भइ पूर्ण रुपमा क्षति भएको छ ।

उनले प्रदेश निर्वाचन कार्यालय कास्कीमा चारपाङ्गे सवारी साधन एउटामा आगजनी भइ पूर्ण क्षति भएको र अर्कोमा तोडफोड भएको, प्रदेश निर्वाचन कार्यालय दाङको भवनमा ढुंगामुढा गरी क्षति पुर्‍याइएको, मोटरसाइकल आगजनी भइ पूर्ण रुपमा क्षति भएको र जिल्ला निर्वाचन कार्यालय डडेलधुराको कार्यालय तोडफोड हुनुका साथै २ वटा मोटरसाइकल र कम्प्युटर, ल्यापटप जलेको बताए ।

**माघ १५ भित्रै राष्ट्रिय सभाका १९ सिटको निर्वाचन गर्न सिफारिस**

निर्वाचन आयोगले रुपन्देही जिल्ला प्रतिनिधि सभा सदस्य क्षेत्र नम्बर ३ को कार्तिक १७ गते हुनेगरी तय गरिएको उपनिर्वाचन रद्ध गरेको छ । मनाङ जिल्ला प्रतिनिधि सभा सदस्य क्षेत्र नम्बर १ को प्रदेश सभा क्षेत्र नम्बर २ को कार्तिक १७ गते हुनेगरी तोकिएको उपनिर्वाचन यथावत रहेको जनाएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक तयारी शुरु गरिसकेको आयोगले जनाएको छ । निर्वाचनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन र निर्वाचन सामग्री, बजेट र जनशक्ति व्यवस्थापनका योजना तर्जुमा गर्ने कार्य शुरु भएको बताएको छ । फागुन २० गतेदेखि रिक्त हुने राष्ट्रिय सभा सदस्य १९ सिटको निर्वाचन कानून बमोजिम रिक्त हुनु भन्दा ३५ दिनअघि माघ १५ भित्र सम्पन्न गर्न आयोगको परामर्शमा सरकारले मिति तोक्नुपर्ने माग आयोगको छ ।

## असफल...

ढलेन, प्रमुख प्रशासनिक संरचनासमेत ध्वस्त पारिए । ७३ जनाको अमूल्य ज्यान गयो । राजनीतिक नेता र व्यावसायिक घरानामाथि निशाना लगाइयो । सो आन्दोलनको सुरुकै दिन २३ भदौमा १९ जना युवा विद्यार्थीको ज्यान गएको थियो । प्रहरीले गोली हानेर मारेको यो घटनामा त्यसबेला खटिएका सुरक्षा कमान्डर र प्रशासनिक कमान्डरको गम्भीर त्रुटि देखिन्छ । उनीहरूमाथि आवश्यक छानबिन र कारबाही हुनुपर्ने आमनागरिकको माग छ । तर नवनियुक्त प्रधानमन्त्री कार्कीले उनीहरूको जिम्मेवारी हेरफेरसमेत गरेकी छैनन् ।

पहिलो दिन नै अन्धाधुन्ध गोली चलाएको प्रहरी भदौ २४ गते भिडसामु आत्मसमर्पण गरेको थियो । सशस्त्र प्रहरी बल र नेपाली सेनाको साथ नपाएपछि प्रहरीलाई आफ्नो सुरक्षा गर्नमै ठिक्क भयो । सो घटना नियन्त्रणमा सशस्त्र प्रहरी बलको कुनै भूमिका देखिएन् । दोस्रो घेरामा रहेर सुरक्षा दिनुपर्ने सशस्त्रबाट आवश्यक सहयोग नपाएपछि कर्फ्यु लागे पनि स्थिति नियन्त्रण गर्न नसकिएको फिल्डमा खटिएका प्रहरी अधिकृत बताउँछन् ।

सिडिओ छवि रिजाल र काठमाडौं उपत्यका प्रहरी प्रमुख विश्व अधिकारी कमान्ड हाँक्न सकेनन् । त्यसैले उनीहरूमाथि छानबिन गर्नुपर्ने जेनजी आन्दोलनका युवाहरूको माग छ । यद्यपि, सुरक्षा निकायमाथि भिड हावी भएमा सुरक्षा निकायपछि हट्नुपर्ने संसारको अभ्यास भएको मल्ल बताउँछन् । 'जुनसुकै घटनामा पनि सुरक्षा निकायमाथि भिड लागेपछि पछि हट्ने अभ्यास संसारमै छ,' उनले भने 'तर घटनापश्चात् भएका व्यक्तिगत र सार्वजनिक सम्पत्ति, चोरी र लुटपाट नेपाली चरित्र नै होइन । लुटतन्त्र डरलाग्दो कुरा भयो ।'

आन्दोलन अनियन्त्रित हुने अवस्थालाई विश्लेषण गरी सुरक्षाका लागि आवश्यक कदम चाल्ने जिम्मेवारी दिएको नेपाली सेनासमेत यो घटनामा रमिते बनेको आरोप लागेको छ । सुरुकै दिनमा बक्तरबन्द गाडीसहित बानेश्वरको सडकमा निस्किएको सेनाले दोस्रो दिन सार्वजनिक सम्पत्तिमाथिको आगजनी र तोडफोडलाई रोक्ने सक्ने अवस्था रहे पनि बेवास्ता गरेको आरोप सेनापति अशोकराज सिग्देलमाथि लाग्दै आएको हो । सेनाले आफ्नै परमाधिपतिसमेत रहेका राष्ट्रपतिको कार्यालय जलाउँदासमेत रमिते बन्नुलाई राजनीतिक षडयन्त्रका रूपमा पनि व्याख्या हुन थालेको छ ।

कांग्रेस-एमाले सरकार ढलेपछि सेनापति सिग्देलले सम्पूर्ण शक्ति आफूमा लिएर गरेको राजनीतिक संवादलाई पनि शंकाको नजरले हेरिएको छ । जेनजी आन्दोलनकारीलाई वार्तामा बोलाएर दुर्गा प्रसाईं र राष्ट्रिय स्वतन्त्र पार्टीलाई स्टेकहोल्डर भन्दै उनीहरूसँग वार्ता गर्नुपर्ने भनेपछि रक्षा बमलगायत आन्दोलनकारी अगुवा वार्ता छोडेर बाहिरिएका थिए । 'प्रधानसेनापतिले राष्ट्रपतिसँग भेट्न बोलाएर दुर्गा प्रसाईं र रास्वपा समूहसँग वार्तामा बस्नुस् भन्नुभयो,' बमले भनेकी छिन, 'उहाँहरू स्टेकहोल्डर हो भनेर स्वयं प्रधानसेनापतिले भन्नुभयो । त्यसले आन्दोलनका क्रममा भएको बलिदान र युगान्तकारी परिवर्तनको यात्रा तुहिने भएकाले हामी त्यस प्रस्तावलाई अस्वीकार गर्दै नेपाली सेनाको मुख्यालयबाट बाहिरियौं ।'

यसले सेनाको भूमिकाप्रति अविश्वास उत्पन्न भएको बमले बताएकी छन् । यस घटनामा राष्ट्रिय अनुसन्धान विभागसमेत पूरै फेलिएर देखिएको छ । यति ठुलो घटनाको पूर्वतयारीबारे राष्ट्रिय अनुसन्धान, प्रहरीको सूचना टोलीले कुनै सुइँको पाएको देखिँदैन । गृहमन्त्री अर्याल आन्दोलनमा भएको लापरबाहीबारे मौन छन् । कमान्ड हाँक्न नसकेर यति ठुलो घटना निम्त्याएका सुरक्षा अधिकारीबारे छानबिन र कारबाही कहिले हुने टुंगो छैन । आफू अहिंसावादी भएको भन्दै गृहमन्त्री उनले कर्तव्यनिष्ठ, संयमित भएर आफ्नो जिम्मेवारी पालनाका लागि प्रहरी कर्मचारीहरू ड्युटीमा तैनाथ हुन निर्देशन दिएका छन् ।

## विदेशमा...

सो अध्ययन प्रतिवेदनमा तत्कालीन सुझावअन्तर्गत चारवटा विषय समावेश छ ।

पहिलो नम्बरमा विदेशबाट मतदान गर्ने व्यवस्था गर्ने विषयले नेपाली राजनीतिमा खासै ठाउँ पाउन नसकेको भनिएको थियो । हाल यो अवस्था चिरिएको छ । यस विषयलाई सबै राजनीतिक दल, तिनका भ्रातृ संगठन, सञ्चारमाध्यम तथा सबै नागरिक समाजले समेत विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा आफ्नो धारणा सार्वजनिक गर्दै आएका छन् ।

दोस्रो नम्बरमा विदेशबाट मतदान गर्न सकिने सम्बन्धमा खास व्यवस्था गर्नुअघि विदेशबाट नाम दर्ता गर्न सकिने व्यवस्था गर्नुपर्ने भनिएको छ ।

यस विषयलाई सम्बोधन गर्नेगरी सरकारले अध्यादेश ल्याउन खोजेको छ ।

तेस्रो नम्बरमा विदेशबाट मतदान गर्न सकिने सम्बन्धमा कानुनी रूपमै कुन निर्वाचनमा मतदान गराउने, कुन विधि अपनाउने, मतदाताको योग्यता के के हुने र समग्र व्यवस्थापनमार्फत कसले गर्ने स्पष्ट गर्नुपर्ने भनिएको थियो ।

गृहमन्त्री अर्यालका अनुसार समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भोट हाल्न दिने तयारी छ ।

चौथो नम्बरमा बढीमा पाँचवटा देशमा विदेशमा रहेका नेपालीलाई मत दिने व्यवस्था मिलाई परीक्षण कार्यक्रम सुरु गर्न सकिने भनिएको थियो । यस विषयमा सरकारले केही भनेको छैन । यसका लागि नेपाली नागरिकको संख्या उच्च रहेका र परराष्ट्र तथा कूटनीतिक सम्बन्ध प्रभावकारी रहेका देशहरूको छनोट गर्न भनिएको थियो । यस विषयमा पनि सरकार केही बोलेको छैन ।

निर्वाचन आयोगले विदेशबाट गरिने मतदानको व्यवस्थापन गर्न मानव संसाधनको विकास गर्दै संस्थागत क्षमता अभिवृद्धि गर्दै जानुपर्ने सुझाव दीर्घकालीन सुझावमा समेटिएको थियो । यस विषयमा पनि सरकारले अध्यादेशमार्फत थप प्रस्ट पार्न सक्छ । नेपाल सरकारले देशको कूटनीतिक क्षमता अभिवृद्धि गर्दै निर्वाचन व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने भनिएको छ । यी सुझाव कार्यान्वयन गर्नेगरी अगाडि बढ्न खोजेको गृहमन्त्रीसमेत रहेका कानुन न्याय तथा संसदीय मामिलामन्त्री अर्यालले बताएका हुन् । सरकारले आगामी फागुन २१ चुनावको मिति घोषणा गरेको छ । सो चुनावमा नेपालबाहिर रहेका नेपालीहरूलाई मताधिकार प्रयोग गर्न दिने विषयमा रहेको कानुनी जटिलता फुकाउने प्रयासमा सरकार छ ।

अध्यादेशमार्फत एकातिर विदेशमा रहेका नेपालीलाई मताधिकार दिन खोजिएको छ भने अर्कोतिर मतदाता नामावलीमा नाम नभएका तर भोट हाल्न उमेर पुगेकालाई सम्बोधन गर्न खोजिएको छ ।

## युएईमा...

धर्म, संस्कृति नसुहाउने गरी सार्वजनिक स्थलमा व्यवहार गर्ने, छोटा कपडा लगाउने गरेका कारण नेपाली समुदाय नै बदनाम भइरहेको र त्यसले नेपाली राजदूतावासलाई नै रक्षात्मक बनाएको धेरैको टिप्पणी छ । युएईमा हाल करिब ७० हजार नेपाली भिजिट भिसामा पुगेका छन् । उनीहरूमध्ये अधिकांश त्यहाँबाटै सेटिङमार्फत युरोपलागतका मुलुक जान र कतिपय ओभरस्टे भएर बसेका छन् । ओभरस्टे, कम्पनी छोडेर भाग्ने, फ्रड केसमा संलग्न हुने क्रम बाक्लिएको छ ।

नेपाली दूतावासका अनुसार दैनिक दर्जनभन्दा बढी नेपाली कामदार विभिन्न कारणले डिपोर्ट भइरहेका छन् । नेपाली दूतावासका अनुसार हाल ३ सय ४० जना नेपाली युएईका विभिन्न जेलमा छन् । आवश्यक सावधानीको अभावमा ज्यान गुमाउने नेपालीको संख्यामा पनि वृद्धि भएको छ । नेपालीको व्यवहार सुधार नभएमा वर्क परमिट रोक्ने मात्रै नभएर अन्य विभिन्न प्रकारका समस्या पनि झेल्नुपर्ने चुनौती थपिने बताइन्छ ।

## साउदीको...

सम्बन्धित श्रमिकहरूलाई आफ्नो नाम र रकम प्राप्त भए/नभएको पुष्टि गर्न आग्रह गरेको छ । दूतावासले रकम पाउन योग्य सूचीमा नाम भए पनि हालसम्म भुक्तानी प्राप्त नगरेका श्रमिकहरूले तुरुन्तै आवश्यक विवरण पठाउनुपर्ने बताएको छ ।

श्रमिकहरूले संरक्षकका वकिल वा नेपाली राजदूतावास, रियादको मोबाइल नम्बरमा सम्पर्क गरी विवरण पठाउनुपर्ने दूतावासले जनाएको छ ।

पठाउनुपर्ने विवरणमा नाम, कम्पनी आइडी नम्बर, अकामा नम्बर, मोबाइल नम्बर तथा रकम ट्रान्सफर हुने बैंकले जारी गरेको आइबान प्रमाणपत्र रहेका छन् । यी सबै जानकारी ह्वाट्सएपमार्फत पठाउन सकिने नेपाली दूतावासले जनाएको छ ।

## ब्यारेकबाट...

नियत सफा हुँदा हुँदै गठबन्धन सरकारमा रहनु परेको र जनताको चाहना अनुसार काम गर्नमा व्यवहारिक रुपमा चुकेको उल्लेख गर्दै उनले आफूहरूबाट कमजोरी हुन पुगेको समेत स्वीकारेका छन् ।

'एक्लै सरकारको नेतृत्व गर्न हाम्रो कहिल्यै संख्या पुगेन। गठबन्धनको बाध्यात्मक राजनीतिले हामीलाई पनि कतै न कतै बिटुलो बनायो,' उनले भनेका छन् ।

माओवादी केन्द्र संसदीय राजनीतिमा आएको २० वर्ष भयो । पहिलो संविधानसभामा झन्डै दुई तिहाई बहुमत नजिक मत ल्याएको थियो । संविधानसभाबाट नयाँ संविधान बनाउने भन्दै भोट मागेको तत्कालीन माओवादीबाट गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री प्रचण्ड बनेका थिए । तर, उनले नै नेतृत्व गरेको पार्टीको पालुङटार बैठकले विद्रोहको नीति लिएको थियो । माओवादी नेतृत्वमा भएको सात दिने काठमाडौं केन्द्रित विद्रोह असफल भएको थियो ।

दोस्रो संविधानसभामा माओवादी पहिलो र विशाल पार्टीबाट तेस्रो पार्टीमा खुम्चिएको थियो । प्रचण्डले सम्बोधनको क्रममा सानो आकार हुनुलाई कारण देखाए पनि आफ्नो नेतृत्वमा भएका कमजोरीबारे जिम्मा लिएका छैनन् । पहिलो संविधानसभादेखि यता माओवादी सबैभन्दा बढी समय सरकारमा सहभागी रहँदै आएको छ ।

'तर, हामीले देशविरुद्ध कुनै राष्ट्रघाती सम्झौता गरेनौं। कुनै काण्डमा मुछिएनौं । कुनै कलंकको टीका लगाएनौं । भ्रष्टाचार विरुद्ध जुधिरह्यौं तर, जनताको हामीप्रतिको अपेक्षाको सापेक्षतामा भने हामी कमजोर देखियौं,' उनले भनेका छन्, 'तपाईंहरूले देखिरहनुभएको छ- हामीले आफूलाई सच्याइरहेका छौं र अझै सच्याउने छौं।'

सम्बोधनको क्रममा प्रचण्डले निश्चित विधि र प्रक्रियाबाट नेतृत्व हस्तान्तरण गर्ने भने पनि कहिले र कसरी भन्ने बारे स्पष्ट पारेका छैनन् । 'हामीले निश्चित विधि र प्रक्रियाबाट नेतृत्व हस्तान्तरणबारे छलफल अगाडि बढाइरहेका छौं,' उनले भनेका छन् ।

जेन-जी आन्दोलनपछि प्रमुख दलहरूको शीर्ष नेतृत्वलाई बिदा गर्नुपर्ने माग र दबाब बढिरहेको छ । यस्तो बेला सेनाको संरक्षणबाट बाहिर निस्केर सबै दलका शीर्ष नेताहरूले प्रतिक्रिया समेत सार्वजनिक गर्न थालेका छन् । तर, नेतृत्व छाड्ने विषयमा बोलिरहेका छैनन् ।

प्रचण्डले त आफ्नो आवश्यकता अझै रहेको भनेर नेतृत्व नछाड्ने संकेत गरेका छन् ।

'२४ गते राष्ट्रकै गौरव र धरोहरका रूपमा रहेका सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन लगायतका संरचना र देशव्यापी रूपमा भएका तोडफोड, लुटपाट र आगजनीबाट जसरी विध्वंश गरियो, ती जेनन्जीका काम थिएनन्,' उनले भनेका छन्, 'ती प्रतिगमनकारी र अपराधी तत्वहरूको नेपाल र नेपाली जनता विरुद्ध गरिएका प्रहार थिए। यसबाट आज देश इतिहासकै गम्भीर संकटमा परेको छ ।'

# ‘जेनजी आन्दोलनको उपलब्धि अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित’

**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले धुलो हेरेर निराश हुने छुट नरहेको भन्दै धुलो टक्टक्याएर देश निर्माणमा लाग्न आह्वान गरेका छन्।

संविधान दिवसको अवसरमा भिडियो सन्देश जारी गर्दै उनले यस्तो आह्वान गरेका हुन्। उनले ७० भन्दा बढी युवाहरुको जघन्य हत्याको शोकमा नेपाल रहेको भन्दै २३ गतेको नरसंहार र २४ गतेको विध्वंसले आम सार्वजनिक सेवा नै अस्तव्यस्त भएको बताए।

उच्च प्राथमिकता देशव्यापी पुनर्निर्माणमा लाग्नु रहेको उनको भनाइ छ। २३ र २४ गतेका घटनाहरुको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानविन आयोग गठन गरी दोषीलाई कारबाहीको दायरमा ल्याउन सरकारसँग माग गरे। जेनजी आन्दोलनलाई समयमै विवेकपूर्वक सम्वोधन गर्न नसक्दा मुलुक आज निकै तरल अवस्थामा प्रवेश गरेको जिकिर गरे।

जेनजी आन्दोलनको बलमा संसदबाट प्रत्यक्ष निर्वाचित कार्यकारी हुने शासकीय स्वरुपमा जाने गरी तत्काल संविधान संशोधन गर्न सकिने भएपनि त्यस अवसरबाट



जेनजी चुकेको बताए। उनले जेनजी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भएको बताए। शासकीय स्वरुप बदल्ने र इतिहास रच्ने मौका गुमेको उनको भनाइ छ।

उनले भने, ‘जेनजी आन्दोलनको बलमा त्यही संसदबाट प्रत्यक्ष निर्वाचित कार्यकारी हुने शासकीय स्वरुपमा जाने गरी तत्काल संविधान संशोधन गर्न सकिन्थ्यो। देशका अरु आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्न सकिन्थ्यो। त्यसपछि बरु संसद विघटनबारे सोच्न सकिन्थ्यो। तर आज जेनजी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भयो, शासकीय स्वरुप नै बदल्ने र इतिहास रच्ने मौका गुम्यो।’

अध्यक्ष दाहालले देश र जनताविरुद्धका षड्यन्त्र अझै नसकिएको भन्दै अन्तरिम सरकारलाई पनि असफल बनाउने प्रयास सुरु भइसकेको दाबी गरे। चुनाव हुन नदिन र मुलुकलाई थप अस्थिरतातिर लैजान योजनावद्ध प्रयास हुनसक्ने आशंका व्यक्त गरे। घोषित निर्वाचन समयमै सम्पन्न होस् भन्ने आफूले चाहेको बताए। लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्रै भएको जिकिर गरे। पूर्वराजा ज्ञानेन्द्र शाहप्रति लक्षित गर्दै उनले इतिहासको चिहानमा मिल्काइएकाहरुले युवा पुस्ताको परिवर्तनको चाहनालाई उपयोग गरेर जनताका उपलब्धि उल्ट्याउने प्रयास भइरहेको टिप्पणी गए।

अध्यक्ष दाहालले आन्दोलनका क्रममा भएको सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन लगायतका संरचनामा देशव्यापीरुपमा तोडफोड, लुटपाट र आगजनी विध्वंश जेनजीको काम नभएको बताए। प्रतिगमनकारी र अपराधितत्वहरुको नेपाल र नेपाली जनताविरुद्ध गरिएका प्रहार भएको बताए। देश अहिले इतिहासकै गम्भीर संकटमा परेको उल्लेख गर्दै आफ्नो विवेक सौर्य र वलिदानका कृतिमानबाट हाम्रा पुर्खाहरुले बचाएको नेपालको राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता र नेपाली जनताको आत्मसम्मानमा आज गम्भिर प्रश्न खडा भएको बताए।

# जनमुखी सेवा प्रवाहमा गर्न मुख्यमन्त्री आचार्यको निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २ असोज



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले कर्मचारीलाई सेवा प्रवाहमा ढिलासुस्ती नगरी जनमुखी बनाउन आग्रह गरेका छन्।

बिहीबार देउखुरीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकलाई सम्बोधन गर्दै उनले जनताको भावना अनुसार सेवामा सुधार आवश्यक रहेको बताएका हुन्।

मुख्यमन्त्री आचार्यले भने, ‘पुरानो अवस्थामा अघि बढ्न खोज्यौं भने नयाँ पुस्ताले त्यो कुरा स्वीकार गर्ने अवस्था छैन। कम्तीमा पनि सेवाहरू जनमुखी बनाएर प्रभावकारी ढंगले अगाडि बढाउनुपर्छ। काम नगर्ने र फाइल थन्क्याउने प्रवृत्तिको समूल नष्ट गर्न प्रदेशमा आवश्यक छ।’ उनले भदौ २३ र २४ गतेको आन्दोलनका कारण कार्यालयहरू जलेर रोकिएको सेवा तत्काल सुचारू गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिए। ‘अत्यावश्यक सेवा प्रवाह अघि बढाउन जुट्न जरुरी छ। जसरी पनि व्यवस्थापन गरेर सेवा थाल्नुपर्छ। ढिलाइ गर्नुहुँदैन,’उनले भने।

बैठकमा आन्दोलनका क्रममा प्रदेश मातहतका कार्यालय र निकायमा भएको भौतिक क्षतिको जानकारी दिइयो। मुख्यमन्त्री आचार्यले मर्मत-सम्भार गरेर कार्यालयहरूलाई पुनः सञ्चालनमा ल्याइने बताए। बैठकले आगजनीमा परेका उच्च अदालत र जिल्ला अदालतको सेवा सञ्चालनका लागि सहयोग गर्ने निर्णय पनि गरेको छ।

# कतारमा जेनजी आन्दोलनका शहीदहरूप्रति श्रद्धाञ्जली

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २ भदौ

जेनजी आन्दोलनमा ज्यान गुमाएका शहीदहरूको सम्मानमा कतारमा श्रद्धाञ्जली तथा शोक सभा कार्यक्रम सम्पन्न गरिएको छ।

नेपाल सरकारले जेनजी युवाहरूको आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिहरूको सम्मान स्वरूप बुधबार राष्ट्रिय शोक मनाएसँगै कतारमा रहेका नेपालीहरूले एकसाथ बुधबार साँझ श्रद्धाञ्जली तथा शोक सभा सम्पन्न गरेका हुन्।

गैरआवासीय नेपाली संघ( एनआरएनए एनसीसी) कतारको आयोजनामा कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थितिमा एक मिनेट मौन धारणसँगै १०१ जेनजी लेखिएको मैनबत्तीमा प्रज्वलनसहित फोटोमा माल्यार्पण गरी श्रद्धा सुमन अर्पण गरिएको थियो। नेपाल व्यवसायी संघ कतारका कानुनी सल्लाहकार प्रोफेसर मोहम्मद रमजान अलि मियाले सभालाई सम्बोधन गरेका थिए। उनले जेन्जी आन्दोलन आफूले प्रत्यक्ष भोगेको अनुभव सुनाउँदै जेनजी पुस्ताले नेपालमा भएको अहिलेको व्यवस्थादेखि दिक्क भएर साँच्चिकै परिवर्तनको लागि लडेको आफूले पाएको बताए।

शोक सभा कार्यक्रमको अन्तमा



अध्यक्ष पन्थीले करिब २७ घण्टामै सत्ताच्युत गर्ने युवा शक्तिको रूपमा पहिलो पटक नेपालका जेनजीहरुले विश्व रेकर्ड कायम गरेको धारणा राखे।

उनले आन्दोलनमा शहीद भएका कलिला युवाहरूको राष्ट्रप्रतिको बलिदानलाई सम्झेर सम्पूर्ण नेपालीहरूले व्यवस्था परिवर्तनसँगै समृद्ध नेपाल निर्माणमा एक ढिक्का भएर लाग्नुपर्ने आवश्यकता औंल्याए। मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टमा सम्पन्न शोक सभालाई संघका महासचिव विवेक पुलामी मगरले सहजीकरण गरेका थिए भने द्वितीय उपाध्यक्ष सन्तोष पौडेलले शोक मन्तव्य राखेका थिए।


## मूल्य सूची

**HK Traders Pvt. Ltd.** द्वारा बिकि वितरण गरिदै आएको निम्न विवरणका मालबस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगाना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडल | अधिकतम खुद्रा बिक्री मूल्य (NPR) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K. Traders Pvt. Ltd. | 602397339 | 6023973390102NP | Range Hood | OSMO | Valency-90 | 12,500 | Made in China |
| | | | | Range Hood | | Inferno | 15,500 | |
| | | | | Range Hob | | CT-763 | 16,000 | |

**H.K. Traders Pvt. Ltd.**
Maharajgunj, Kathmandu
Contact Number: 9851014194

Likhu Pike Rural Municipality
Office Of The Rural Municipal Executive
Chaulakharka, Solukhumbu
Koshi Province, Nepal

**Letter of Intent (LOI)**

**Date of Publication: 2025/09/19**

This is to notify that, it is our intention to award the contract **NCB/WORKS/LPKRM/2081/82-05** for execution of the Construction of Administrative Building of Likhu Pike Rural Municipality to Ramechhap-Jiri JV, Pepsicola-32, Kathmandu as the bid price 8,32,46,589.15 NRs (including VAT & PS), as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

**Chief Administrative Officer**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/१३ मा दर्ता भएको **प्रा.लि. नं. १६०८६५** को श्री **कोटदरबार इन्जिनियरिङ एण्ड डेभलपर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०६/०३**

**फ्यूचर माइन्डस्** को मिति २०८२/०५/१६ गतेको साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अलबायन इन्टरनेशनल (दर्ता नं.: ८५०१८)** कायम गर्ने गरी मिति २०८२/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ALGERIA मा रोजगार**
कम्पनी : CHINA PETROLEUM JILIN CHEMICAL E & C CO.LTD. शहर : ALGERIA
पूर्व स्वीकृत मिति: २०८२/०६/०२ चलानी नं.: ६०२४४८५५ LT. No.: 331121

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब DZD | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 6 G Welders | 20 | 0 | सम्बन्धित काममा दक्ष | 77848 | ८४,८५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 40 | 0 | | 58385 | ६३,६३५ | | | | | | | |
| 3. | DRIVER (HD & LD) | 2 | 0 | | 71360 | ७७,७८२ | | | | | | | |
| 4. | Labour | 126 | 0 | | 45410 | ४९,४९६ | | | | | | | |
| 5. | Pipe Fitter | 35 | 0 | | 71360 | ७७,७८२ | | | | | | | |
| 6. | Plumber | 10 | 0 | | 58385 | ६३,६३५ | | | | | | | |
| 7. | Scaffolder | 20 | 0 | | 58385 | ६३,६३५ | | | | | | | |
| 8. | Staff Cook | 6 | 0 | | 58385 | ६३,६३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ६१०/०६२/०६३
**साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.**
एयरपोर्ट -०९, सिनामंगल, काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ०१-४५८२०९९. मोबाइल नं: ९८०११७७७७५, ९८५१००८०९१
Email: saehrm@gmail.com, info@saenepal.com.np, Web: www.saenepal.com.np

## नबिल बैंक लिमिटेड, टिकापुर शाखा, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/०६/०३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्न बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०२/२६ को नयाँ पत्रिका पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चलअचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा टिकापुर शाखा, कैलाली**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ। यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

### तपसिल

**१ — ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

ऋणी फर्मः प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय, कैलालीमा, मिति २०७५/०५/२८ मा प्रा.फ.र.नं २६०१५/२४/०७५/०७६, अन्तर्गत दर्ता भएको **श्री गणेश शान्ती ट्रेडर्स**।
ठेगानाः कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १।
**ऋणी फर्मका प्रोप्राइटरः**
वैकुन्ठ नापितकी छोरी नर बहादुर श्रेष्ठकी बुहारी गणेश बहादुर श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७१२२३०३९, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०३५/०२/३१) भएको **शान्ति नापित**।

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नर बहादुर श्रेष्ठको नाति गणेश बहादुर श्रेष्ठको छोरा कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ३९८८३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०५७/११/११) भएको **विनोद प्रसाद श्रेष्ठ**।
२. डम्बर बहादुर डि.सीकी छोरी गणेश बहादुर श्रेष्ठकी बुहारी विनोद प्रसाद श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०६७/०२/२५) भएको **पुष्पा श्रेष्ठ**।

**२ — ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम साविक श्री ५ को सरकार हाल नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढीमा, मिति २०६२/०४/११ मा प्रा.फ.र.नं १०८९२/०६२/६३, अन्तर्गत दर्ता भएको **श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र**।
ठेगानाः कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं ३।
**ऋणी फर्मका प्रोप्राइटरः**
नर बहादुर श्रेष्ठको नाति गणेश बहादुर श्रेष्ठको छोरा कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ३९८८३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मितिः बि.सं. २०५७/११/११) भएको **विनोद प्रसाद श्रेष्ठ**।

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डम्बर बहादुर डि.सीकी छोरी गणेश बहादुर श्रेष्ठकी बुहारी विनोद प्रसाद श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स.वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०६७/०२/२५) भएको **पुष्पा श्रेष्ठ**।
२. वैकुन्ठ नापितकी छोरी नर बहादुर श्रेष्ठकी बुहारी गणेश बहादुर श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स.वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७१२२३०३९, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०३५/०२/३१) भएको **शान्ति नापित**।

**३ — ऋणीको नाम र ठेगानाको विवरण**

नर बहादुर श्रेष्ठको नाति गणेश बहादुर श्रेष्ठको छोरा कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ३९८८३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०५७/११/११) भएको **विनोद प्रसाद श्रेष्ठ**।

### तपसिल

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

डम्बर बहादुर डि.सीकी छोरी गणेश बहादुर श्रेष्ठकी बुहारी विनोद प्रसाद श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०६७/०२/२५) भएको **पुष्पा श्रेष्ठ**।

**४ — ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा, मिति : २०७५/०७/२९ मा दर्ता नं. २०२३६५/०७५/७६, अन्तर्गत दर्ता भएको **गणेश शान्ती निर्माण सेवा प्रा.ली.**।
ठेगानाः कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ०१।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. नर बहादुर श्रेष्ठको नाति गणेश बहादुर श्रेष्ठको छोरा कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ३९८८३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०५७/११/११) भएको **विनोद प्रसाद श्रेष्ठ**।
२. डम्बर बहादुर डि.सीकी छोरी गणेश बहादुर श्रेष्ठकी बुहारी विनोद प्रसाद श्रेष्ठकी श्रीमती कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने नागरिकता नं. ६७२०३१/३७२१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कैलाली, मिति : बि.सं. २०६७/०२/२५) भएको **पुष्पा श्रेष्ठ**।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने **शान्ति नापित**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र र श्री गणेश शान्ती ट्रेडर्सको नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ४ क मा अवस्थित क्रमशः कि.नं. ६२३, ३५२, ३०१, ६९२, ६०२ र २९५ क्षेत्रफल क्रमशः ०-२-२-२, ०-०-५-०, ०-०-५-०, ०-१-०-०, ०-१-०-० र ०-०-१०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने **पुष्पा श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र र श्री गणेश शान्ती ट्रेडर्सको नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला खैलाट गा.वि.स. वडा नं. ३ मा अवस्थित कि.नं. १३९ क्षेत्रफल २-१०-५-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला भजनी नगरपालिका वडा नं १ बस्ने **पुष्पा श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी श्री श्रेष्ठ गल्ला तथा मल खाद केन्द्र र श्री गणेश शान्ती ट्रेडर्सको नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ९ मा अवस्थित कि.नं. ८९९ क्षेत्रफल ०-३-०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधनको विवरणः**
१. ऋणी **विनोद प्रसाद श्रेष्ठ** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश ३-०१०२२ च ७६५३ भएको Free Style 1.2 FORD.
२. ऋणी **श्री गणेश शान्ती निर्माण सेवा प्रा.ली.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. सु.प.प्र ०१००१ ख २८२८ भएको PRO 1080 XP CRDT Tipper.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा टिकापुर शाखा, कैलाली** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०६/१९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठ**माडौंमा वा टिकापुर शाखा, कैलाली बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०६/२० गते ३:०० बजे बैंकको **टिकापुर शाखा, कैलाली** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकका **टिकापुर शाखा, कैलाली** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## सम्पादकीय

# जनादेशबाट संविधान समृद्ध

आज संविधान दिवस । नेपाली जनताले संविधान सभामार्फत बनाएको संविधानले एक दशक पार गरेको छ । यस उपलक्ष्यमा सरकारले सैनिक मञ्च टुँडीखेलमा विशेष समारोहको आयोजना गरेको छ भने राष्ट्रपतिले दिउँसो विशेष कार्यक्रम राखेका छन् । राजनीतिक दल, विभिन्न संघसंस्थाले संविधानले एक दशक पार गरेको अवसरमा विविध कार्यक्रम गरेर उत्सव मनाउँदै छन् ।

संविधान जारी भएको एक दशकसम्म बिनादुर्घटना अगाडि बढ्न सकेको छ । यो महत्वपूर्ण उपलब्धि हो । तर एक दशक पुगेकै वर्ष भने संविधानको मर्मविपरीत कतै शासन सञ्चालनको प्रयास हुने हो कि भन्ने संशय पैदा भएको छ । किनभने नेपाल राजनीतिक संक्रमणमा परेको छ । ४ मंसिर २०७९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभा विघटित छ । संसद् बाहिरबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको छ । कार्की नेतृत्वमा संसद् बाहिरबाट सदस्य थपिनेक्रम जारी छ । नेपालको संविधानले चार प्रकारको सरकारको परिकल्पना गर्छ । एकल बहुमतको सरकार, दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार, सबैभन्दा ठुलो दलको सरकार र यी तीन प्रकृतिको सरकार बन्न नसक्दा चौथो विकल्पमा कुनै एक जना सांसदको नेतृत्वमा सरकार बन्ने र विश्वासको मत पाए अगाडि बढ्न सक्ने सरकार । चौथो विकल्पको प्रधानमन्त्रीका लागि संसदबाट विश्वासको मत लिँदा दलको ह्वीप नलाग्ने व्यवस्था छ । तर बदलिएको वर्तमान परिस्थितिमा पाचौं प्रकृतिको सरकार बनेको छ– नागरिक सरकार । जेनजीको आन्दोलनपछि जननिर्वाचित सरकार अपदस्त भयो र नयाँ सरकार बन्यो । नयाँ बनेको नागरिक सरकारले प्रतिनिधि सभा विघटन गऱ्यो र चुनावको मिति घोषणा गऱ्यो । योसँगै मुलुक चुनाव केन्द्रित हुन खोजिरहेको छ ।

संविधानले परिकल्पना नगरेको नागरिक सरकार बन्दा समेत नियुक्तिमा राष्ट्रपतिको काम, कर्तव्य र अधिकार रहेको संविधान धारा ६१ प्रयोग गरिएको छ । प्रधानमन्त्री कार्कीले पद तथा गोपनीयताको शपथ लिँदासमेत संविधानअन्तर्गत रहने कुरा उल्लेख छ । यसले संविधानले परिकल्पना नगरेको सरकार बने तापनि संविधानको मर्म समातेको देखिन्छ । यो सरकारले संविधान दिवस पनि मनाउँदै छ । तर स्मरणीय कुरा यो छ– संविधान जारी भएदेखि नै संविधान संशोधनको बहस छ । जेनजीले पनि शासकीय स्वरूपदेखि निर्वाचन प्रणालीसम्ममा सुधार खोजेका छन् । संविधानले नै समेत १० वर्षमा पुनरावलोकन हुने भनेर आफ्नो समीक्षाको समयाअवधि आफैं तोकेको छ । यस्तो अवस्था हुन लागेको चुनावमा संविधान संशोधनको एजेन्डासहितको प्रतिबद्धता आउने निश्चित छ । यसकारण कुन दल र शक्तिले संविधानमा के कस्तो संशोधन गर्ने भनेर एजेन्डा अगाडि सार्छन् जनताले त्यस आधारमा दल र प्रतिनिधि चुन्नेछन् । त्यस्तो जनप्रतिनिधिले संविधान समृद्ध बनाउनु नै लोकतान्त्रिक विधि हो । यसैमा ध्यान दिंदा सरकार, राजनीतिक दल, नागरिक समाज र आमनागरिक सबैको हित हुन्छ ।

# संविधानको स्वीकार्यता र मधेसका मुद्दा

*राज्यले असोज ३ मा दीपावली गर्न भनिरहँदा मधेशका सडक कालो धुवाँले भरिएका थिए । सिंगो मधेशीको विरोधका बाबजुद पनि राज्य बन्दुकको बलमा संविधान जारी गर्न अघि सरेको थियो ।*

अग्रलेख



● धर्मेन्द्रकुमार साह

सहरभरि कालो धुवाँको मुस्लो उठिरहेको छ । केही चोकबाहेक प्रायः सबै सडकमा डरलाग्दो शान्ति छ । अर्थहीन शान्ति, मानवीय क्रन्दन र चित्कारले अशान्त बनाइरहेको शान्ति । ती सडकहरूमा आक्रामक फौजी गस्ती भइरहेको छ । सडकभरि छरिएका ढुंगा, सिसा र बोतलहरूले सहरलाई कुरूप बनाइरहेका छन् । फौजी गस्तीका बीचमा एम्बुलेन्स र पत्रकारहरूको मोटरसाइकल घुमिरहेका छन् । सबै डराएका छन्, मानौं सिंगो सहर शून्यमा विलिन भएको छ । एम्बुलेन्स र फौजी गाडीका साइरनहरूले डरलाग्दो शान्तिको लामो शृंखलालाई बीचबीचमा चुनौती दिनुबाहेक नागरिकहरू आफ्नै घरमा कैद भएका छन् ।

अनि सबैको मनमा राज्यप्रति चरम असन्तुष्टि देखिन थालेको छ । बिहानको ८ बजेसम्म सहरहरू प्रायः सुनसान भएका छन् र केही चोकहरूमा युवाको प्रदर्शन सुरु भइसकेको थियो । मधेशका गाउँगाउँमा पहिलोचोटि राजनीतिक आन्दोलन र विद्रोहले छोएको जस्तो लागेको छ । प्रायः गाउँमा विरोध भइरहेको थियो । न प्रहरीको उपस्थिति न त सम्भावित हस्तक्षेपको डर । मधेशका अधिकांश सदरमुकाम र अन्य सहरहरू छाउनीमा परिणत भएका थिए । राज्यले असोज ३ मा दीपावली गर्न भनिरहँदा मधेशका सडकहरू कालो धुवाँले भरिएका थिए । सिंगो मधेशीको विरोधका बाबजुद पनि राज्य बन्दुकको बलमा संविधान जारी गर्न अघि सरेको थियो । २०७२ सालको असोज ३ गते तराई-मधेशका अधिकांश सहरहरूको अवस्था यस्तै थियो । सडकको मुख्य भाग र सरकारी भवन फौजी कब्जामा थिए भने अधिकांश गल्ली, सहरको बाहिरी भाग र ग्रामीण क्षेत्रहरूमा नागरिकहरूको विद्रोह थियो ।

दिन अगाडि बढ्दै जाँदा सडक र सदन दुवै तात्दै गयो । सडकमा देखिएका फौजीहरू आक्रामक र निर्मम ढंगले प्रस्तुत हुँदै गए । सहरका गल्लीहरू समेत फौजी कब्जामा परे । शब्दले सुरु भएको नागरिक अवरोध राज्यको बन्दुकले दबाउन थाल्यो । अपरान्हसम्म मधेशका अधिकांश सडक रणभूमिमा परिणत भए । जसरी पनि संविधान जारी गर्ने राज्यको प्रयासलाई मूर्त रूप दिन फौजी गतिविधि बढ्दै जाँदा नागरिक तहमा 'देश आफ्नो भए पनि राज्य आफ्नो नभएको' महसुस हुन थाल्यो ।

मधेशी मोर्चाका नेताहरू कालो कुर्ता र पैजामा लगाई हिरासत भित्रैबाट कालो दिन मनाएका थिए । प्रदर्शनकारीले 'जय मधेश' भन्ने शब्द उच्चारण गर्दा प्रहरीले बुट र अश्रु ग्यासको गोला बर्साइरहेको थियो । साँझपख गौरका अस्पतालका अधिकांश बेड भरिएका थिए ।

विरोधको प्रतीक मानिने कालो झन्डा प्रायः हरेक छतमा झुन्डिन थाल्यो । सहरदेखि गाउँसम्म हरेक घरमा कालो झन्डा झुन्डिसकेको थियो । यी सबै गतिविधि स्वस्फुर्त रूपमा भइरहेको थियो । हामीसँगका थकित, निराश र आहत सञ्चारकर्मीहरू ब्ल्याक आउटको समाचार संकलन गर्दै थिए । रेडियोहरूबाट बज्दै गरेका शोक धुन र घरघरमा फैलिएको अँध्यारोले मधेशको पीड़ा र बेदनालाई व्यक्त गर्दै थिए । हजारौं लाखौं आन्दोलनकारी थकित र आहत भएर घाइते अवस्थामा आफ्नै घरको अँध्यारो




कोठामा कैद भएका थिए । असोज ३ गतेको सूर्य आफ्नै गतिमा नियमित र स्वाभाविक रूपमा अस्ताए पनि नेपाल सीमामा बसोबास गर्ने मधेशी थारुहरूको लागि त्यो दिन अलौकिक पीड़ा र निराशाको घोर अन्धकारमा प्रवेश गर्ने दिनजस्तै भएको थियो ।

कुनै पनि मुलुकमा संविधान जारी भएपछिको संक्रमणकालको अन्त्य हुन्छ तर नेपालमा भने नयाँ संविधान जारी भएपछि संक्रमणकालको अन्त्य नभएर सुरु भएको थियो । यसको प्रत्यक्ष प्रभाव पहिलो संविधान जारी भएको पहिलो वर्षका दिनमै देखियो । असोज ३ गते संविधान दिवसमा देशका आदिवासी जनजाति र मधेशी समुदायले मात्र होइन, हिन्दूवादी राजावादीसमेत कालो दिवसका रूपमा मनाए भने सरकारी दलहरूले औपचारिक कार्यक्रम गरेर खुसियाली दिवस मनाए । यस्ता प्रचारका बाबजुद संविधानले सबै नेपालीलाई एउटै मालामा जोड्न सकेको छैन ।

असोज ३ गतेलाई सरकारले राष्ट्रिय दिवसका रूपमा मनाउने भनिरहेको छ । देशको एक पक्षले संविधानलाई स्वीकार नगरेको र असोज ३ लाई कालो दिनका रूपमा मनाउने गरेकाले यो दिन नेपाली राजनीति इतिहासका लागि विवादित दिन बन्ने देखिन्छ । राष्ट्रिय दिवस सिंगो राष्ट्रका लागि मान्य हुने तिथि तोक्दा सबैको

> *कुनै पनि मुलुकमा संविधान जारी भएपछिको संक्रमणकालको अन्त्य हुन्छ तर नेपालमा भने नयाँ संविधान जारी भएपछि संक्रमणकालको अन्त्य नभएर सुरू भएको थियो । यसको प्रत्यक्ष प्रभाव पहिलो संविधान जारी भएको पहिलो वर्षका दिनमै देखियो ।*

अपनत्व हुने कुरा हो । कुनै पनि देशलाई भौगोलिक र वैचारिक पृथकतावादीहरूलाई एउटै ठाउँमा ल्याउन सजिलो हुन्छ तर वर्ग, जाति र क्षेत्रगत असन्तुष्टिलाई सहजै हटाउन सकिँदैन । इतिहासले हामीलाई यही सन्देश दिएको छ ।

२००४ सालमा अन्तरिम संविधान राणाहरूले जारी गर्दा राजनीतिक दलहरूको तर्फबाट बाहेक कुनै बिमति उठेको थिएन । २०१९ सालमा राजाले निर्दलीय संविधान जारी गर्दा नेपाली कांग्रेसबाहेक अरूले विरोध गरेका थिएनन् । २०४७ को संविधान तुलनात्मक रूपमा सबैभन्दा कम विवादित थियो । तर संविधान सभाबाट संविधान बनाउन २०७२ को संविधानलाई व्यापक र विशाल जनसमुदायले अस्वीकार गरेको थियो । आज पनि देशमा ठुलो पंक्ति यस संविधान पुनर्लेखनको पक्षमा छ । पछिल्लो घटनाक्रमले तिनै शक्तिहरूलाई थप बल दिएको छ । देशको संविधान नागरिक चाहनाको प्रतिबिम्ब हुन नसकेकाले यस्तो निष्कर्ष निकाला गर्नुपर्ने अवस्था आएको छ ।

## इतिहासमा आज

१९ सेप्टेम्बर १९४४ मा फिनल्यान्ड र सोभियत संघबीचको मस्को युद्धविराममा हस्ताक्षर भएको थियो । जसले आधिकारिक रूपमा निरन्तरता युद्धको अन्त्य गरेको थियो ।



१९ सेप्टेम्बर १९७६ मा टर्किस एयरलाइन्सको उडान ४ सय ५२ टर्कीको कराटेपेको बाहिरी भागमा रहेको टोरस पर्वतमा ठोक्किएको थियो । जसमा सबै १ सय ५४ यात्रु र चालक दलका सदस्य मारिएका थिए ।




१९ सेप्टेम्बर २०१७ मा मेक्सिकोमा ७ दशमलव १ रेक्टर स्केलको भूकम्प गएको थियो । जसमा ३ सय ७० जनाको मृत्यु भएको थियो भने ६ हजारभन्दा बढी घाइते भएका थिए ।



१९ सेप्टेम्बर २०२१ मा क्यानरी टापुहरूको ला पाल्मा टापुमा रहेको कुम्ब्रे भिजा ज्वालामुखी विस्फोट भएको थियो । यो ज्वालामुखी लगभग तीन महिनासम्म चलेको थियो, जुन डिसेम्बर १३ मा समाप्त भएको थियो ।



## प्रधानमन्त्रीलाई जेनजी बुवाको पत्र

# जनअपेक्षामा ध्यान दिनुहोला



● जगदीश रोकाया

**सम्माननीय प्रधानमन्त्री ज्यू,**

यसपटक हाम्रा युवा छोराछोरी (जेनजी)हरूले सरकारले बन्द गरेको सामाजिक सञ्जाल खोल्न, देशको शासकीय व्यवस्था सुधार गर्न र भ्रष्टाचार अन्त्य गर्न भदौ २३ गते काठमाडौंमा आन्दोलन गरेका थिए । यस आन्दोलनका क्रममा मेरा छोराछोरीसँगैका जेनजी बाबुहरू केही प्रहरीको गोली लागेर मृत्युवरण गर्न पुगे । अर्को दिन, भदौ २४ गते, म र देशभरका जेनजी र अभिभावक पनि आन्दोलनको समर्थनमा आयौं । आक्रोशले उग्र रूप लियो र यसका कारण देशमा ठुलो धनजनको क्षति भयो ।

घटनाको समीक्षा गर्दा, यो सबै परिस्थितिको परिणाम हो । सरकार र दलप्रति वितृष्णा पनि यसै समय पोखिएको हो । जब जेनजीको विद्रोह उग्र रूप लियो, राज्य संयन्त्रले भिड नियन्त्रण गर्न असफल भयो । जेनजीहरूले राज्यको घाँटी निमोठिदिए र केही घण्टामा देशको व्यवस्था पराजित गरे । जेनजीका मागअनुसार, तपाईंलाई नेपालको अन्तरिम प्रधानमन्त्रीको पदमा नियुक्ति प्राप्त भएको छ । यस अवसरमा तपाईंलाई बधाई र खुसी व्यक्त गर्न चाहन्छु । तपाईंका विचार हामीले गाउँमा बसेर सुनेका छौं ।

साथै, यस घटनाले हामीलाई यो पनि सिकाएको छ कि जब विद्रोही समूहले विजय प्राप्त गर्छ, तब देशको शासन त्यसैको इच्छाअनुसार चल्नुपर्छ । युद्धका नियमलाई आधार मानेर, जेनजी युवाहरूको भावना सेनाले पनि बुझ्यो । यसले ठुलो मानवीय क्षति रोक्यो र देशलाई जोगायो । सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको लोकहित हो ।

तपाईं हाम्रा लागि बजै आमा जस्तो हुनुहुन्छ । तपाईंले यसपटक नेपालमा पहिलो महिला प्रधानमन्त्रीको रूपमा पद सम्हालेको अवसरमा हामी तपाईंको सफलताको शुभकामना व्यक्त गर्दछौं । तपाईंले देशको शासन व्यवस्थामा सुधार गरेर, राम्रो रीतिथिति स्थापित गर्ने अवसर पाउनुभएको छ । तपाईंको नेतृत्वले देशको



समस्या समाधान गर्ने ठुलो अवसर दिएको छ । तपाईंले संविधान र कानुनी सुधारका माध्यमबाट, दलका शक्ति भागबन्डामा सुधार ल्याउने प्रयास गर्नुहुनेछ भन्ने विश्वास छ । तपाईंले यसअघि पनि निकै महत्वपूर्ण जिम्मेवारी सम्हानुभएको थियो । साथै, न्यायपालिकाका प्रमुख प्रधानन्यायधीशका रूपमा पनि तपाईंको अनुभव रहेको छ । तपाईंको जेनजी नातिजस्तै, हामीलाई विश्वास छ कि तपाईं शहीद जेनजीहरूको रगत र जीवित जेनजीहरूको भावना बुझेर काम गर्नुहुनेछ ।

नेपालका सबै सरकारी निकायहरू भ्रष्टाचार र दलालहरूको हातमा छन् । संविधानले सरकारलाई समाजवादतिर डोऱ्याउन भनेको भए तापनि अहिलेका नेताहरूले पुँजीवादलाई प्रोत्साहन दिएको देखिन्छ । यसले जनतालाई उचित सेवा दिने पद्धतिमा ठुलो समस्या सिर्जना गरेको छ । देशका लाखौं जेनजीहरूको आशा र भरोसा तपाईंमाथि छ । यदि शीर्ष नेताहरूले अकुत सम्पत्ति प्राप्त गरेका छन् भने त्यसको छानबिन गर्नुपर्छ । यदि उनीहरूले भ्रष्टाचार नगरेका हुन् भने हामी माफी माग्नेछौं ।

जेनजीको विद्रोहको छानबिन गर्न र गैरराजनीतिक, इमानदार र दक्ष मन्त्री नियुक्त गर्न आवश्यकता छ । नयाँ नीति र दृष्टिकोण ल्याउन आवश्यक छ । देशका अग्रगामी नेताहरू र कर्मचारीहरूको आचरण पनि सुधार गर्नुपर्नेछ ।

हाम्रो देशमा कतिपय कानुनी र नीतिगत समस्या छन् । संविधानको संशोधन गरेर दलहरूको शक्ति भागबन्डा कम गर्नुपर्ने आवश्यकता छ । केही नेताहरूको इच्छाशक्तिमा कमजोरी छ, जसका कारण इमानदारी र नैतिकता कमजोर हुँदै गइरहेको छ ।

जनताको वास्तविक आवश्यकता र मागलाई बुझ्न सरकारी निकायलाई व्यापक सुधार गर्नु आवश्यक छ । विशेषगरी, वडास्तरमा नागरिकहरूको सेवासुविधाका लागि व्यवस्था गर्नुपर्ने देखिन्छ । काठमाडौंबाट घर आएका मेरा जेनजी छोराहरूका विचारअनुसार, प्रदेश खारेजी गर्ने, संसद घटाउने, समानुपातिक प्रतिनिधित्व नराख्ने, जनप्रतिनिधिका सेवासुविधा घटाउनेजस्ता सुधारको आवश्यकता छ । जेनजी विद्रोह जसरी भयो, यसको कुनै बाह्य कारण छैन, विगतका शासकहरूले थुपारेको कुशासनको असर नै युवा तथा विद्यार्थी सडकमा उत्रिएका हुन् । जेनजीले कुशासनको सत्ता मात्रै ढलाएका छैनन्, अब फेरि उठ्ने अवस्था नआओस् भन्ने पनि चाहेका छन् । प्रधानमन्त्रीले यो भावनालाई भित्रैदेखि बुझेर व्यवहार गर्नु आवश्यक छ ।

अन्ततः तपाईंको कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

> *जेनजी विद्रोह जसरी भयो, यसको कुनै बाह्य कारण छैन, विगतका शासकहरूले थुपारेको कुशासनको असर नै युवा तथा विद्यार्थी सडकमा उत्रिएका हुन् । जेनजीले कुशासनको सत्ता मात्रै ढलाएका छैनन्, अब फेरि उठ्ने अवस्था नआओस् भन्ने पनि चाहेका छन् । प्रधानमन्त्रीले यो भावनालाई भित्रैदेखि बुझेर व्यवहार गर्नु आवश्यक छ ।*

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

आफूलाई लागेको कुरा, यो अन्तरिम सरकारले नै संविधान संशोधन आयोगबाट संविधान निर्माण र निर्वाचन गराउँछ । नयाँ संविधानमा निर्वाचित कार्यकारी प्रधानमन्त्रीको चुनाव हुन्छ । तर यही वर्तमान संविधानबमोजिम नै चुनाव हुने भएपछि त उही संसदीय दलको नेता नै प्रधानमन्त्री हुने भयो ।



**राजेन्द्र दाहाल**

सुशीला कार्की, ओमप्रकाश शर्माहरूले तत्काल सुरु गराएर टुंगोमा पुऱ्याइदिनुपर्ने एउटा राष्ट्रिय महत्वको काम- दुई दशकदेखि अलपत्र रहेको माओवादी-राज्य द्वन्द्वको तथ्य खोजबिन दण्ड र मेलमिलाप (टिआरसी) हो । कांग्रेस, एमाले र माओवादी सत्तामा नभएको बेलामा नै यो कामले पूर्णता पाउन सक्छ ।



**रामेश कुमार**

सयौं सवारीसाधन जलिसकेपछि -अब त नपुग्ला पनि । सरकारी कर्मचारी उपसचिव, कतिपय अधिकृतसम्मले कानुन मिचेर (कानुनअनुसार सहसचिवसम्मलाई मात्रै सवारी सुविधा छ) सरकारी सवारी चढ्दै आएका हुन् । कतिपय सचिवले घरका लागि छुट्टै गाडी राख्थे । त्यो खारेज गर्ने अवसर पनि हो यो ।



**प्रकाश तिमिल्सिना**

दलहरू खराब हुन्, बुढा नेताहरू बाहिरिनुपर्छ भन्ने जुन भाष्य बनाइएको छ, यो न गलत छ । खासमा सबै दलहरू ठिक छन्, बेठिक त केही नेताहरू हुन् । त्यसले सबै खराब नेता पहिचान गरौं, उनीहरूलाई जिम्मेवारी मुक्त बनाउन ढिलाइ नगर्नुहोस् ।

# रौतहटका स्थानीय तहहरूले सुशासनका लागि विशेष अभियान चलाउने



**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २ भदौ

रौतहट जिल्लाका स्थानीय तहहरूले सुशासन र आर्थिक अनुशासन कायम गर्न १८ वटा निर्णय गरेका छन् । प्रमुख जिल्ला अधिकारी विनोद खड्काको अध्यक्षतामा बसेको जिल्लाका सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको बैठकले आर्थिक मितव्ययिता र पारदर्शितालाई प्राथमिकता दिँदै विभिन्न कदम चाल्ने निर्णय गरेको छ ।

बैठकले स्थानीय तहका सम्पूर्ण आर्थिक र प्रशासनिक गतिविधि वेबसाइटमार्फत सार्वजनिक गर्ने र प्रत्येक त्रैमासिकमा सूचना प्रकाशन गरी सूचनाको हकसम्बन्धी कानुनको पालना गर्ने निर्णय गरेको छ ।

यस्तै, इन्धन दुरुपयोग, भ्रमण र काजको नाममा हुने अनावश्यक खर्च, र व्यक्तिगत प्रयोजनका लागि हुने खर्च रोक्ने तथा यस्ता खर्चको सोधभर्ना नगर्ने नीति अवलम्बन गरिएको छ ।

खरिद प्रक्रियामा पूर्ण पारदर्शिता कायम गर्न र रेडबुकमा उल्लेखित योजनाबाहेक कुनै पनि खर्च वा योजनालाई भुक्तानी नदिने कडा अडान लिइएको छ । साथै, कोष तथा लेखा नियन्त्रक कार्यालयलाई थप गतिशील बनाएर अनियमितता नियन्त्रणमा जोड दिइएको छ ।

यसैबीच, नयाँ प्रमुख प्रशासकीय अधिकृतहरू हाजिर नभएसम्म पुरानै प्रशासकीय अधिकृतको नाममा स्थानीय तहका खाता सञ्चालन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयसँग समन्वय गर्ने निर्णय भएको छ । यो व्यवस्था कर्मचारीको तलब, भत्ता र प्रशासनिक खर्चका लागि लागू हुनेछ ।

यसअघि, कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले गढिमाई, माधवनारायण, राजपुर र राजदेवी नगरपालिकाको खाता अस्थायी रूपमा रोक्का गरेको थियो । पुरानै प्रशासकीय अधिकृतको हस्ताक्षरमा खाता सञ्चालन भएको भन्दै आलोचना भएपछि खाता रोक्का गरिएको थियो । हाल चालु आर्थिक वर्षमा यी चारवटै स्थानीय तहको खाता सुचारु भई पहिलो किस्ताको सशर्त र समानीकरण अनुदान निकासा भएको छ ।

यी निर्णयहरूले स्थानीय तहमा हुने अनियमितता र अनावश्यक खर्च नियन्त्रण गरी सुशासन र पारदर्शितालाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ । डिजिटल प्लेटफर्ममार्फत गतिविधिहरू सार्वजनिक गर्दै नागरिकप्रति जवाफदेही बनाउने यो प्रयासले रौतहटका स्थानीय तहहरूमा नयाँ सुशासनको संस्कृति स्थापित गर्ने अपेक्षा गरिएको छ ।

# जनमत पार्टीका ६ शीर्ष नेताले दिए राजीनामा



**काठमाडौं/मस–** जनमत पार्टीका ६ शीर्ष नेताहरूले राजीनामा दिएका छन् । पार्टी नेतृत्वप्रति असन्तुष्टि जनाउँदै बिहीबारको मितिदेखि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट उनीहरूले राजीनामा दिएका हुन् । उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा. शरदसिं यादव, युवा संघका केन्द्रीय संयोजक सीके सिंह, सुदूरपश्चिम इन्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद सदस्य विक्रमबहादुर बमले राजीनामा दिएका हुन् ।

'सम्बन्धमा नेपालको विषम परिस्थितिलाई मध्यनजर गरी जनभावना अनुरुप पार्टीको प्रमुख नेतृत्वलाई आत्मआलोचना गरी नेतृत्व परिवर्तनको निम्ति अल्टिमेटम सहित हामीले माग गरेको राजिनामा पत्रलाई तपाईले अपहेलना गरी जेन्जी पुस्ताले बगाएका रगतको अपमान गरी उल्टै नेता कार्यकर्ताहरूलाई अंहकारको भाषामा आफ्नो अधिकारीक फेसबुक मार्फत धारणा सार्वजनिक गरी सकेपछि हाम्रो ध्यानकर्षण भएको छ। त्यसैलाई आधार मानी आजैको मिति देखि साधारण सदस्य समेत नरहने गरी हामी पार्टीबाट राजिनामा गर्दछौं', राजीनामा पत्रमा भनिएको छ ।

कुनै प्रकारको पद स्वार्थको राजनीतिमा सामेल नहुने अस्पष्ट धारणा राख्दै उनीहरूले जनभावना तथा नयाँ पुस्ताको चाहनाअनुरूप उनीहरूकै नेतृत्वमा सामेल भइ सहयोग र सहर्काय गर्ने प्रतिबद्धता उनीहरूको छ । उनीहरूले सीके राउतलाई नेतृत्व छाड्न २४ घण्टे अल्टिमेटम दिएका थिए । तर राउतले उल्टै राजीनामा दिन चाहने नेताहरूलाई यो उपयुक्त समय भएको भन्दै पार्टी छाड्न सुझाएका थिए ।


## युएईमा रोजगार

कम्पनी : LSF CONTRACTING - SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९९५ — LT. No.: 331219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 4 | 0 | | 1100 | ४१,९८७ | | | | | | | |
| 3. | Painter | 4 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |
| 4. | Electrician | 3 | 0 | | 1500 | ५७,२५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"A friend at your service"
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## कतार र साउदीमा रोजगार

१. कम्पनी: M R A EXPRESS — शहर: Doha
पूर्व स्वीकृत मितिः २०८२/०२/१९ — चलानी नं.: ६०२३५४०० — LT. No.: 325483 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef And Cook | 1 | 0 | | 1500 | ५७,७०५ | | | | | | | |
| 3. | Assistant Cook | 1 | 0 | | 1500 | ५७,७०५ | | | | | | | |

२. कम्पनी: ANWAR AL-JAWHARA TRANSPORT ESTABLISHMENT — हर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४५००९ — LT. No.: 331205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १मा निःशुल्क कम्पनी २मा रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PROFESSIONAL RECRUITERS GROUP
Kathmandu-3 Nepal, Contact No: 01-4975466, 9851012541
Email : www.prgnepal.com/info@prgnepal.com

## कतारमा रोजगार

कम्पनी: GREEN TARA CONTRACTING AND SERVICES L.L.C — शहर: QATAR,AL WAKRA
पूर्व स्वीकृत मितिः २०८१/०९/१२ — चलानी नं.: ६०२३०४७४ — LT. No.: 316255 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Account Clerks | 0 | 1 | सम्बन्धित काममा दक्ष | 4500 | १७३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Admin Supervisor | 1 | 0 | | 2500 | ९६,१७५ | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 1700 | ६५,३९९ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 2500 | ९६,१७५ | | | | | | | |
| 5. | Gen.clean.worker | 0 | 1 | | 1000 | ३८,४७० | | | | | | | |
| 6. | Marketing Represnt | 0 | 1 | | 2200 | ८४,६३४ | | | | | | | |
| 7. | Receptionist | 0 | 1 | | 1100 | ४२,३१७ | | | | | | | |
| 8. | Supervisor | 1 | 0 | | 2500 | ९६,१७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९६८/०६७/०६८
Radium International Employment Services Pvt. Ltd.
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

## कतारमा रोजगार

कम्पनी: XPRESSIONS QATAR — शहर: DOHA,QATAR
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९९२ — LT. No.: 331243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Maker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber Assistant | 2 | 0 | | 1200 | ४६,१६४ | | | | | | | |
| 3. | Joiner | 1 | 0 | | 1200 | ४६,१६४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paragon H.R. Management Pvt. Ltd.
Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

## साउदीमा रोजगार

कम्पनी: EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९८१ — L.T. No.: 331158

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BRANCH OF SIMPLEX INFRASTRUCTURES LIMITED — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९८२ — L.T. No.: 331185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ४४,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १० गते (26 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामददारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Miracle Employment Service (P.) Ltd
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

## CYPRUS मा रोजगार

कम्पनी : CP Capital Recruitment Ltd — शहर : Cyprus — LT. No.: 331226
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 15 | [illegible] | 400 | ६६,५२५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 2 | 0 | | 700 | १,१६,४२० | | | | | | | |
| 3. | Waiter/Waitress | 1 | 2 | | 700 | १,१६,४२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.५५,०००/- कामदारले तिर्ने |

**अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ असोज १० गते (26 Sep. 2025) मा हुनेछ ।**

White Gloves International Pvt. Ltd
Govt. Lic. No. 1060/073/074
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Mob.: 9860114382, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com


## आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२/०६/०३ गते)

यस कार्यालयबाट विभिन्न मालसामान खरिदका लागि बोलपत्र आह्वान गर्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरू खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरूको रोहबरमा खोली मूल्यांकनका लागि मूल्याङ्कन समितिमा पेश भई मूल्याङ्कन समितिले उक्त बोलपत्रहरूको प्राविधिक, आर्थिक तथा व्यापारिक पक्षको मूल्याङ्कन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उल्लेखित प्रस्तावदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल

| ठेक्का नं. | शिलबन्दी दरभाउपत्रको विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कबोल रकम रु.(मू.अ.कर बाहेक) |
|---|---|---|---|
| AMO/NCB/G-1/ 2082/083 | Supply and delivery of Medicine at Aathbiskot Municipal Hospital Yard. | Samundra Medico Pharma,Butwal,Rupandehi | 39,31,820.60 |
| AMO/NCB/G-2/ 2082/083 | Supply and delivery of Free Medicine at Aathbiskot Municipality Office,Rukum (Western Part) Yard. | Bangalamukhi Medicine Suppliers Pvt. Ltd.,Bhaktapur | 29,77,121.60 |
| AMO/NCB/G-3/ 2082/083 | Supply and delivery of Lab Reagent at Aathbiskot Municipal Hospital,Rukum (Western Part) Yard. | Mass Medisales,Tulsipur-Dang. | 18,37,730.00 |
| AMO/NCB/G-5/ 2082/083 | Supply and delivery of veterinary Medicine at Aathbiskot Municipality | Nature Vet Suppliers pvt.ltd.,Kathmandu | 9,31,920.00 |

नि. प्रमुख प्रशासकीय अधिकृत


## ZERO COST RECRUITMENT IN MALAYSIA !!!
## मलेशियामा शुन्य लागतको रोजगारी !!!

**Zero-Cost Recruitment**: - New issuance or renewal of passports for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket(From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य लागतको रोजगारी: वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उठानको लागि), रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ।)

### A. Employer's Information (रोजगारदाताको विवरण)

Name: INSIGHT ALLIANCE SECURITY SERVICES SDN. BHD. — Address: Selangor, Malaysia
नामः ईनसाईट अलाईन्स सेक्युरुटी सर्भिसेज एसडिएन बिएचडी — ठेगानाः सेलाङ्गोर, मलेशिया

**Short description about Security Guard (सुरक्षा गार्डको संक्षिप्त विवरण)**



The Security Guard is responsible for ensuring the safety and protection of company premises and workers' accommodations. Key duties include monitoring access control, responding to incidents, maintaining accurate security logs, and supporting compliance with safety and regulatory standards. The role also involves close collaboration with management to safeguard employees and company assets effectively.
सुरक्षा गार्डले कम्पनीको परिसर, आवास तथा सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्दछ। यसअन्तर्गत कम्पनीमा प्रवेश नियन्त्रण र निगरानी गर्ने, आगन्तुकको विवरण अभिलेख राख्ने, र सुरक्षा तथा नियामक मापदण्डहरूको पालना सुनिश्चित गर्ने कार्य पर्दछ।

**Pre-Approval Details (पुर्व-स्वीकृतिको विवरण):**

| Pre Approval Date: | 2025/09/18 | Consignment No.: | 60244974 | L.T. No.: 331112 |
|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८२/०६/०२ | चलानी नं.: | ६०२४४९७४ | एल टी नं.: ३३१११२ |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Security Guard सुरक्षा गार्ड | 40 ४० | - | Able to read, Write & Speak English अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने | 1700 १७०० | 56,899 ५६,८९९ | As per the company rule कम्पनीको नियम अनुसार | 12 hours (1 hour Break) १२ घण्टा (१ घण्टा ब्रेक) | 4 Days ४ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | बिदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Fees | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

### B. Employment Related Information (रोजगारी सम्बन्धी जानकारी)

1. **Nature /Scope of Work (कार्यको प्रकृती/क्षेत्र):** Security Guard सुरक्षा गार्ड
2. **Work Shift (कार्य शत्र):-** Day Shift (दिवा शत्र)/ Night Shift (रात्रीकालिन शत्र)
3. **Overtime Facility (ओभरटाइम सुविधा):-** The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. (मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)

**Overtime calculation will be as below: (ओभरटाइमको गणना निम्नानुसार हुनेछ):**

i) On Normal Days: Salary x 1.5 (सामान्य दिनको तलब x १.५)
ii) On Sunday/Rest Days: Salary x 2.0 (आइतबार र आराम दिनको तलब x २.०)
iii) On Public holidays: Salary x 3.0 (सार्वजनिक बिदाको दिनको तलब x ३.०)

**4. Leave Entitlements & Working Hours (विदा र कार्य घण्टा सम्बन्धी विवरण)**

**a. Leave Entitlements (विदा सम्बन्धी विवरण)**
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)

**b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)**
Under Malaysian Employment Act, 1995, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९९५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
- Weekly Limit: The Maximum of 45 hours (साप्ताहिक सीमाः अधिकतम ४५ घण्टा)
- Breaks: At least 30 minutes after working for 5 consecutive hours (विश्रामः लगातार ५ घण्टा काम गरेपछि कम्तीमा ३० मिनेटको ब्रेक)
- Rest day: Will get a day off in a week (आराम दिनः हप्तामा एक दिन बिदा पाउने ।)

**All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.**
**(सबै बिदा अधिकारहरु नियमानुसर पूर्ण रुपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागू हुनेछ ।)**

Workers can return to their home country in the event of an emergency without incurring any penalties.
("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")

5. **Medical and Accident Insurance (मेडिकल र दुर्घटना बीमा):** Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ ।

### C. Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)

**1. Orientation & Counselling Session (अभिमुखीकरण तथा परामर्श शत्र)**
The Orientation and Counselling Session will be held from 19th September 2025 to 25th September 2025 at our office premises. Please note that only applicants who have attended the Orientation and Counselling Session will be eligible to participate in the Final Interview session.
अभिमुखीकरण तथा परामर्श शत्र ३ असोज देखि ९ असोज २०८२ सम्म कार्यालय परिसरमा सञ्चालन हुनेछ ।
अभिमुखीकरण र परामर्श शत्रमा सहभागी भएका आवेदकहरुलेमात्र अन्तिम अन्तरवार्तामा सहभागी हुन पाउनेछन् ।

**2. Final Interview (अन्तिम-अन्तर्वार्ता)**
The final interview is scheduled to take place on 26 September 2025 (Final interview date), at our office premises in Kathmandu.
(अन्तिम-अन्तर्वार्ता मिति २०८२ असोज १० गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)

### D. Important Information to Applicant (आवेदकलाई महत्वपूर्ण जानकारी)

❖ **Alert Notice: Fraud, Misleading Information, Third-Party Agents (धोकाधडी, भ्रामक जानकारी र एजेन्ट बारे महत्वपूर्ण जानकारी):**
- **No Sub-Agents Allowed (सब-एजेन्ट बिनाको रोजगारी):** Nepal Government strictly prohibits the use of sub-agents in recruitment process & Aakarshan does not allow it. (नेपाल सरकारले वैदेशिक रोजगारीमा एजेन्टको अनुमति दिदैन र आकर्षणले एजेन्टको प्रयोग पूर्ण रुपमा निषेद गरेको छ ।)
- Aakarshan operates exclusively on a "ZERO COST" recruitment model without branch offices, agents, or intermediaries. Any contrary claims are false and should be reported. (आकर्षणले शुन्य लागतमा मात्र काम गर्दछ । यसको कुनै पनि शाखा कार्यालय र एजेन्ट छैन । यदि कुनै गलत कार्य भएको पाईएमा खबर गर्नुहोस ।)

❖ **Loan, Bond, Deposits & Saving Programs (ऋण, तमसुक, नगद जम्मा र बचत कार्यक्रम):**
- Apply directly without using any intermediators (मध्यस्थकर्ता विना नै प्रत्यक्ष रुपमा आवेदन दिनुहोस्)
- Avoid Loans or advance payments to anyone (अग्रिम भुक्तानी वा ऋणमा आवद्द नहुनुहोस्)
- Do not deposit Property, educational certificates, Livestock, jewelry, Phones, or other valuable items for obtaining the employment (यो रोजगारीका लागि तपाईले घरजग्गा, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, घरपालुवा जनावर, गरगहना, फोन र अन्य मुल्यवान बस्तुहरु लिनेदिने गर्न पर्नेछैन्।)

❖ **Gift, Bribes & No Conflicts of Interest (उपहार, घूस र स्वार्थकेन्द्रित उदेश्य हुनेछैन):**
- **Gifts (उपहार):** Candidates and their family members are not required to give or receive any gifts for employment. (उम्मेदवार र उनीहरुको परिवारका सदस्यले रोजगारका निम्ति कुनै किसिमको उपहारहरु कसैलाई दिनु पनेछैन।)
- **Prohibition of Bribes (घूस निषेध):** Bribery and any means of obtaining undue advantage are strictly prohibited. (घुस र कुनै फाईदा हुने किसिमका कार्य हरुलाई पुर्ण रुपमा निषेध गरिएको छ ।)
- **Conflict of Interest (स्वार्थ केन्द्रित उदेश्य):** No decision will be made based on conflicts of interest. (स्वार्थ केन्द्रित आधारमा कुनै निर्णय गरिने छैना।)

❖ **Termination & Early Leave (वर्खास्त र करार अगावै फिर्ती प्रक्रिया):**
- Workers can resign anytime without fees if they give the required notice. (कामदारहरुले अग्रिम सूचना दिई कुनै पनि समयमा राजीनामा गर्न सक्नेछन् जसवापत कुनै पनि कटौती हुनेछैन।)
- Employers must ensure no wage deductions or retaliation for proper resignations. (उचित समयावधिको सूचना दिई राजीनामा गरेको अवस्थामा रोजगारदाताले कुनै पनि कटौती गर्न र बदला लिने सोच राख्न पाउनेछैन।)
- The employer covers repartition expenses upon contract completion or early termination with adequate notice. (कामदारले सम्झौता पूरा भएपछि वा सम्झौताको बिचमा सूचना दिएर नेपाल फर्कन चाहेमा रोजगारदाताले लाग्ने खर्चहरू बेहोर्नु पर्नेछ ।)

❖ **Age Verification (उमेर प्रमाणीकरण):**
- Bring at least two original government-issued documents for identity/age verification: (i) Nepali Citizenship card (or existing passport) (ii) Any other government-issued photo ID. (उमेर प्रमाणीकरणका लागि कम्तिमा दुईवटा सरकारले जारी गरेका कागजातहरू ल्याउनु पर्दछः (i) नेपाली नागरिकताको प्रमाण पत्र (वा राहदानी भएमा) (ii) सरकारले जारी गरेको कुनै अन्य फोटो भएको आईडी।)

❖ **Non-Discrimination (भेदभाव रहित):**
- Aakarshan promotes a safe and respectful workplace, ensuring fair opportunities for all without discrimination. (आकर्षणले सुरक्षित र सम्मानजनक कार्य स्थलको सुनिश्चत्ता गर्दछ र भेदभाव रहित वातावरणको निश्चित्ता गर्दछ ।)
- Aakarshan ensures no discrimination or harassment based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion etc. in hiring and employment practices. (आकर्षणले रंग, जात, धर्म, उमेर, लिङ्ग, गर्भवस्था आदिका आधारमा कुनै पनि भेदभाव र अमानवीय व्यवहार हुन दिदैन र यसको सुनिश्चितता गर्दछ।)
- Aakarshan ensures that workers have the right to participate in religious programs and are free to observe their respective religious activities. (आकर्षणले कामदारहरुको आफ्नो धर्म अनुसारको गतिविधि गर्न र सलंग्न हुन पाउने स्वतन्त्रताको सुनिश्चितता गर्दछ ।)

❖ **Freedom of Association & Collective Bargaining (संघ र सामूहिक सम्झौताको स्वतन्त्रता):**
- Workers have the right to freedom of movement, basic liberties, and collective bargaining as allowed by local law without discrimination based on their association. (स्थानीय कानुनले दिएको अधिकारको आधारमा कामदारहरुले कुनै पनि संघ संस्थामा आवद्द हुन पाउने स्वोतन्त्रता, बिना रोकतोक घुमफिर गर्ने अधिकार र आफ्नो आवाज सामुहिक रुपमा उठाउन पाउनेछन्।)

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**
Information provided by the Department of Foreign Employment (DOFE) M बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारीः 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।

### E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. (आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)

**Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):**
Emailing at: grievancereporting@aakarshannepal.org or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(AN ETHICAL CERTIFIED FOREIGN RECRUITMENT AGENCY)
PASHUPATI ROAD,RATOPUL,WARD NO.7, KATHMANDU,NEPAL
TEL: 01- 4598701 (HOTLINE) | MOBILE: 9801122306
EMAIL:INFO@AAKARSHANNEPAL.ORG, WEB:WWW.AAKARSHANNEPAL.COM.NP

# भएन प्रहरी समायोजन आएन निजामती ऐन

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ असोज

नयाँ सरकार बनेसँगै संविधान संशोधनको विषयले राजनीतिक बहस निम्त्याएको छ। यही भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनका क्रममा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विषय उठेको छ । निर्वाचन प्रणालीको विषय समेत उठेको छ। यी माग सम्बोधन गर्न संविधान संशोधन गर्नुपर्ने हुन्छ। सुशीला कार्की नेतृत्वको सरकारले प्रतिनिधि सभा विघटन गरेर आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभाको चुनावको मिति तोकेका छन्। चुनावमा जाँदा राजनीतिक दल र शक्तिहरूले संविधान संशोधनका विषयलाई उठाउने तयारी गरेका छन्।

प्रतिनिधि सभा विघटन भएसँगै यसको समीक्षा समेत सुरु भएको छ। जसले जनताको आकांक्षा अनुसारको कानुन बनाउन नसकेको भनेर कतिपयले आलोचना समेत गरेका छन्।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार विघटित प्रतिनिधि सभाले ३२ महिनाको कार्याकालमा जम्मा २४ वटा ऐन बनाए। तर, संविधान कार्यान्वयनसँग सम्बन्धित ऐनहरू बनाउन सकेनन्।

संघीयता कार्यान्वयन भएको मानिने प्रमुख आधार हो, कर्मचारीतन्त्र। कर्मचारी समायोजनको मुख्य काम अघिल्लो प्रतिनिधिसभाको कार्यकालभित्रै भयो । तर संघ, प्रदेश र स्थानीय तहको कर्मचारीको भर्ना, अधिकार क्षेत्र र कुन तह मातहत रहने जस्ता विषयमा विघटित प्रतिनिधिसभाले पनि परिणाम दिन सकेन।



संविधानतः प्रादेशिक लोकसेवा आयोगहरू बनेका छन्। तर संघीय संसद्ले संघीय ऐन बनाउन नसक्दा स्थानीय तह र प्रदेशमा संघ मातहतकै कर्मचारी छन्।

२०७२ सालमा जारी संविधानले परिकल्पना गरेअनुसार तीन तहको सरकारका लागि चुनाव भयो। चुनावसँगै राजनीतिक संघीयता २०७४ सालमै कार्यान्वयनमा आयो । तर प्रशासनिक संघीयता कार्यान्वयनका लागि आवश्यक संघीय निजामती सेवा ऐन १० वर्षसम्म आउन सकेको छैन।

विघटित प्रतिनिधिसभामा यो विधेयक आएर अगाडि बढेको थियो । संघीय संसद्को दुवै हाउसबाट पारित भए तापनि केही प्रक्रिया बाँकी रहँदा निष्क्रिय हुन पुग्यो। संसद् सचिवालयका प्रवक्ता गिरीका अनुसार निजामती विधेयक प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा गयो। राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा आयो । राष्ट्रिय सभाबाट पारित भएको सन्देशसमेत प्रतिनिधिसभामा सुनाइसकिएको थियो।

'राष्ट्रिय सभामा भएको संशोधन स्वीकार गर्ने वा नगर्ने विषयमा प्रतिनिधि सभाले निर्णय गर्न बाँकी थियो। त्यही अवस्थामा प्रतिनिधि सभा विघटन भयो। यो सँगै निजामती विधेयक निष्क्रिय हुन पुग्यो,' गिरीले अनलाइनखबरसँग भने। यो सँगै प्रशासनिक संघीयता कार्यान्वयनको समय धकेलिएको छ।

मुलुक संघीय शासन व्यवस्थामा गएको एक दशकसम्म संघीयता अनुकूलको व्यवस्थामा जान/लैजान नसकिएको अर्को क्षेत्र होक्क- सुरक्षा निकाय। सुरक्षा निकाय कुन तहअन्तर्गत कतिसम्म रहने भन्ने विषय १० वर्षसम्म संसद्मा चर्चामा रह्यो तर, कानुन बन्न सकेन । परिणाममा प्रादेशिक सुरक्षा निकाय बन्नै सकेनन्। देशभर अहिले पनि केन्द्रीकृत शासन व्यवस्था अनुसारकै सुरक्षा संयन्त्र छ।

संविधानले संघ, प्रदेश र स्थानीय सरकारलाई कानुन बनाउने र कार्यान्वयन गर्ने अधिकार दिएको छ । तर संघीय कानुनअनुसार प्रदेश र स्थानीय कानुन बन्नपर्ने भन्दै बाँधेको छ।

प्रहरी समायोजनका लागि चाहिने दुई वटा संघीय कानुन २०७६ सालमै बनिसकेका छन् । प्रहरी समायोजन ऐन २८ माघ २०७६ मा राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो भने नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन १२ भदौ २०७७ मा प्रमाणीकरण भएको थियो।

तर प्रहरी समायोजन गर्नु पहिले संघीय प्रहरी ऐन बन्नुपर्ने सुरक्षा निकायको सर्त रहिरह्यो। संघीय ऐन बनाउने विषयमा संघीय संसद्ले पनि तदारुकता देखाएन । संसद्मा पुगेता पनि नेपाल प्रहरी विधेयक र सशस्त्र प्रहरी बल विधेयक निष्क्रिय हुन पुगे।

# राष्ट्रपति पौडेलसमक्ष प्रतिवेदन पेस





काठमाडौं/मस-राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मधेसी आयोग र राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरेका छन्।

राष्ट्रपतिको कार्यालयमा बिहीबार आयोजित छुट्टाछुट्टै कार्यक्रममा नेपालको संविधानको धारा २९४ बमोजिम ती दुई आयोगले आ-आफ्नो आयोगको प्रतिवेदन पेश गर्नुभएको प्रवक्ता प्रदीपकुमार कोइरालाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह र राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले आ-आफ्नो आयोगको प्रतिवेदन पेश गरेका हुन्।

# काठमाडौंका १५ स्थानमा यात्रु सहायता कक्ष

**काठमाडौं/मस-** काठमाडौंमा चाडपर्व लक्षित 'यात्रु सहायता कक्ष'को शुभारम्भ गरिएको छ । गोँगबुस्थित नयाँबसपार्कमा बिहीबार काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) दानबहादुर कार्कीले 'यात्रु सहायता कक्ष'को शुभारम्भ गरे।




एआइजी कार्कीले सुरक्षाविनाको समाज कल्पनासमेत गर्न नसकिने उल्लेख गर्दै नागरिकले प्रहरीको आवश्यकता महसुस गरेर क्षतिग्रस्त संरचना निर्माणमा जुटेको बताए । उनले विगतमा भएका कमी कमजोरीलाई सुधारेर राज्यका सबै निकायले जनतालाई छिटो, छरितो र न्यायपूर्ण सेवा प्रदान गर्नुपर्नेमा जोड दिए। 'नेपाल प्रहरी खरानीबाट उठेर नागरिकको सेवामा जुटेको छ,' उनले भने।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले सार्वजनिक यातायातलाई नागरिकमुखी बनाउँदै अगाडि लगिने बताए । उनले जेनजी आन्दोलनका कारण नेपालको यातायात क्षेत्रमा ठुलो समस्या भएको भन्दै उक्त घटनालाई बिर्सेर अगाडि बढ्नुपर्ने उल्लेख गरे।

यातायात व्यवस्था विभागका निर्देशक गणेशमानसिंह राईले खरानीको ढिस्कोमा बसेर यातायात विभागले नागरिकलाई सेवा प्रदान गर्दै आइरहेको बताए । उनले सार्वजनिक यातायातलाई चाडपर्वमा व्यवस्थित र प्रभावकारी बनाउनका लागि विभागले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गरिसकेको उल्लेख गरे।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्मराज भण्डारी, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज अधिकारीलगायतले चाडपर्वको समयमा यात्रुलाई सुरक्षित रुपमा गन्तव्यस्थलमा पुऱ्याउनु सबैको दायित्व भएकाले एकजुट भएर काम गर्नुपर्ने बताएका थिए।

# कर्णालीको प्रवेशद्वारकै बसपार्कको बिजोग

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ असोज

कर्णाली प्रदेशको मुख्य प्रवेशद्वार हो, सुर्खेतको भेरीगंगा नगरपालिका-१२ छिन्चु । पूर्व-पश्चिम राजमार्गसम्म जोड्ने कर्णाली राजमार्गको धेरै खण्ड यसै पालिकामा पर्छ । सुर्खेत-जाजरकोट भेरी कोरिडोर पनि यसै नगरपालिकामा पर्छ। अन्य प्रदेशमा जान पनि छिन्चु हुँदै जाने गरिन्छ यस अर्थमा छिन्चु कर्णाली प्रदेशकै मुख्य द्वार पनि हो । तर प्रदेशकै महत्वपूर्ण सडक छिन्चुमा सुविधा सम्पन्न बसपार्क परै जाओस्, यात्रुका लागि प्रतीक्षालयलगायत सुविधासम्म छैनन् । अव्यवस्थित पार्किङ र सेवासुविधा नहुँदा यो बसपार्क कर्णालीको अनुहार होइन, समस्याको प्रतीक पनि बनेको छ । निर्माणाधीन बसपार्क पनि सुरुवातदेखि नै कछुवाको गतिमा अघि बढिरहेको छ।

अलपत्र बसपार्कले बजारको सौन्दर्यता नै हराएको छ। बसपार्कको निर्माण समयमै नहुँदा यातायात व्यवसायीहरूले बस पार्किङको समस्या खेप्दै आएका छन् । निर्माणाधीन बसपार्कको काम छिटो नहुँदा स्थानीयहरू पनि आक्रोशित छन् । बसपार्क सञ्चालनमा आएपछि यात्रुहरूलाई सहजता हुने र भेरीगंगाको विकासमा समेत टेवा पुग्ने विश्वास नगरपालिकाले लिएको छ । तर कर्णाली प्रदेशको प्रमुख व्यापारिक नाकासमेत रहेको छिन्चुमा बसपार्क नहुँदा व्यवसायीलगायत सर्वसाधारणलाई समेत निकै सास्ती खेप्नुपरेको छ।

पार्किङको व्यवस्था नहुँदा बजारको छेउछाउमा जथाभावी गाडी पार्किङ गर्ने गरिएको छ । समय क्रमअनुसार नयाँ सवारीसाधन थपिने तथा धमाधम नयाँ संरचना बन्न थालेपछि पार्किङको समस्या थप जटिल बन्दै गएको छ। सडक छेउछाउमै सवारीसाधन पार्किङ गरिनुका साथै यात्रुले सडकमै टिकट काटेर बस चढ्नुपर्ने बाध्यता रहँदै आएको छ। बसपार्क नहुँदा सडक दायाँबायाँ, होटेल, स्थानीयका घरअगाडि सवारी पार्किङ गर्ने गरिएको छ । सुक्खामा धुलोले र बर्खामा हिलोले बसपार्क अस्तव्यस्त हुन्छ । यहाँ प्रत्येक दिन हजारौं संख्यामा सवारीसाधनको आवागमन हुने गर्छ। यातायात व्यवसायीहरूका अनुसार छिन्चु हुँदै दैनिक १० हजार यात्री ओहोरदोहोर गर्छन् । यति धेरै व्यस्त हुने भए पनि यात्रीका लागि कुनै सुविधा छैन। चालक र सहचालकहरूका लागि समेत यहाँ विश्राम गर्ने ठाउँ छैन।



### बसपार्कको काम तीन वर्षमा आधा

छिन्चुमा बसपार्क शिलान्यास गरेको करिब तीन वर्ष भयो । २८ मंसिर २०७९ मा तामझामका साथ शिलान्यास गरिएको बसपार्कको काम तीन वर्षसम्म पनि ५० प्रतिशत मात्रै सम्पन्न भएको छ । भेरीगंगा नगरपालिकाका नगरप्रमुख यज्ञप्रसाद ढकाल, उपप्रमुख धनसरा बोहोरा र वडा नम्बर १२ का वडा अध्यक्ष रामबहादुर डाँगीलगायतको उपस्थितिमा सो समयमा बसपार्कको शिलान्यास गरिएको थियो। शिलान्यास क्रममा नगरप्रमुख ढकालले निर्माण कम्पनीलाई समयमै काम सक्न निर्देशन दिएका थिए । उनको निर्देशनको कुनै वास्ता नगरी निर्माण कम्पनीले तीन वर्षसम्म ५० प्रतिशत काम धौधौले पुऱ्याएको छ। बसपार्कको जिम्मा बाँकेको ग्रान्ड डिजाइन एन्ड कन्स्ट्रक्सन प्रालिले जिम्मा लिएको छ।

सो कन्स्ट्रक्सनले २९ असार २०८१ सम्म निर्माण सम्पन्न गर्नेगरी ११ करोड ७६ लाख रकममा २०७९ असार ३० गते सम्झौता गरेको थियो । दुई वर्षमा सक्ने लक्ष्य राखेको कम्पनीले तीन वर्षमा पनि काम सम्पन्न गर्न नसकेपछि दुईपटक बढी म्याद थप भएको छ । कन्स्ट्रक्सनले हालसम्म काम गरेबापतको ३ करोड ८० लाख रकम भुक्तानी पाइसकेको छ।

### किन निर्माणमा ढिलाइ भयो ?

दुई वर्षमा सक्ने बसपार्कको काम तीन वर्षसम्म पनि सम्पन्न नहुनुमा नगरपालिका र निर्माण व्यवसायीको निकै लापरबाही देखिएको छ । निर्माण व्यवसायीले काम गर्दागर्दै बीचमै छोड्ने सम्पर्कविहीन बन्ने र काममा निकै ढिलासुस्तीले काम बसपार्क समयमै सम्पन्न हुन नसकेको नगरपालिकाका इन्जिनियर गणेश कार्कीले बताए । उनले नगरपालिकाले बारम्बार ताकेता गर्दा पनि व्यवसायीले काममा ढिलासुस्ती गरेको बताए। इन्जिनियर कार्कीले बसपार्कको डिजाइनमा समेत समस्या भएकाले पनि काममा केही ढिलासुस्ती हुन पुगेको बताए।

उनका अनुसार केही समयमा रोकिएको बसपार्कको काम जेठयता तीव्र गतिमा भइरहेको छ। अबको मंसिरदेखि पुससम्म कम्पनीले बसपार्कको काम सम्पन्न गरेर नगरपालिकालाई हस्तान्तरण गर्ने लक्ष्य लिएको इन्जिनियर कार्कीको दाबी छ । यता नगरपालिकाका प्रमुख ढकालले पनि बसपार्कको काम समयमै सम्पन्न हुन नसक्नु दु:खद भएको बताए । उनले आफूले निर्माण व्यवसायीलाई समयमै सक्न निर्देशन दिँदा पनि कम्पनीले अटेर गरेको बताए। उनले केही समयअघि निर्माण व्यवसायी सम्पर्क विहीन हुँदा नेपालगन्ज गएर खोजेर ल्याएको दाबी गरे। 'निर्माण व्यवसायी सम्पर्क विहीन भयो, मैलें नेपालगन्ज गएर खोजेर ल्याएँ,' नगर प्रमुख ढकालले भने, 'जेठयता काम गरिरहेको छ तर जति तीव्र गतिमा गर्नुपर्ने हो त्यति हुन सकेको छैन।'

उनले नगरपालिकाले बजेटमा कुनै कमी नगर्दा पनि यस निर्माण व्यवसायीले धेरै ठाउँमा कामको जिम्मा लिएको र अन्य ठाउँको काममै व्यस्त हुँदा यहाँको बसपार्कको काममा ढिला गरेको बताए । नगरप्रमुख ढकालले यस चालु आर्थिक वर्षमा बसपार्कको काम सकेर हस्तान्तरण गर्न लगाउने बताए।


# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिसैया, कन्चनपुर
## सुदुरपश्चिम प्रदेश, नेपाल

## आ.व.२०८२/०८३ का लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धि बोलपत्र आह्वानको सूचना

**पुनः प्रकाशित मिति : २०८२/०६/०३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को घ (छ), उपदफा ४ ञ तथा सोही ऐनको दफा ६४ को उपदफा १ (च) मा व्यवस्था भए बमोजिम यस न.पा. क्षेत्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा.निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटोमा आ.व.२०८२/०८३ का लागि आन्तरिक आय सम्बन्धि ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको पुनः सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/१९ गते १२:०० बजे सम्म र सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ । उक्त ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०८१/०८२ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| बोलपत्र/ ठेक्का नं. | नदीजन्य पदार्थ, कर तथा दस्तुर संकलन क्षेत्र । | नदीजन्य पदार्थको परिमाण (घ.मि.) | न्यूनतम ठेक्का मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| ०१/IR/ २०८२/०८३ | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा. वडा नं. ४ भएर बग्ने बगुन खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | ४९,९३९।२० घ.मि. | रु.१,०५,८१,५२७।१९ | रु. ३,०००।- | कबोल अंकको ५ प्रतिशत |
| ०२/IR/ २०८२/०८३ | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा. वडा नं. ३ र ४ भएर बग्ने छेला खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | ५०,४७४।३६ घ.मि. | रु.१,०६,९४,९२१।२८ | रु. ३,०००।- | कबोल अंकको ५ प्रतिशत |
| ०३/IR/ २०८२/०८३ | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा. वडा नं. ५ र ६ भएर बग्ने बछेला तथा मुसेपानी खोलाहरुको घुर्सुवा, मुसेपाानी, गाउजी घाटबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | ४९,४९८।५६ घ.मि. | रु.१,०४,८८,१६०।७८ | रु. ३,०००।- | कबोल अंकको ५ प्रतिशत |

**नोट : ठेक्का सम्वन्धि विस्त्रित विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रधानमन्त्री कार्की र भारतीय समकक्षी मोदीबीच फोनवार्ता





**काठमाडौं/मस-** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्की र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच फोनवार्ता भएको छ ।

वार्ताका क्रममा प्रधानमन्त्री कार्कीले भारतीय प्रधानमन्त्री मोदीलाई उनको ७५औं जन्मदिनको शुभकामना दिएकी परराष्ट्र मन्त्रालयले जनाएको छ। त्यसैगरी प्रधानमन्त्री कार्कीले नेपाल-भारतबीचको सदियौँ पुरानो र मैत्रिपूर्ण सम्बन्धको स्मरण गरेकी छन्। साथै उनले नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलगायतका विषयमा पनि जानकारी गराएकी थिइन्।

यसैगरी भारतीय प्रधानमन्त्री मोदीले नेपालका नवनियुक्त प्रधानमन्त्री कार्कीलाई बधाई ज्ञापन गरेका थिए । वार्ताका क्रममा प्रधानमन्त्री मोदीले असल छिमेकीका नाताले आगामी दिनमा पनि भारतले नेपाललाई निरन्तर सहयोग गर्ने बताएका छन् । छिमेकी दुई देशका सरकार प्रमुखहरूबीच भएको वार्तामा नेपाल-भारत सम्बन्ध, द्विपक्षीय हित र साझा चासोका विविध विषयमा कुराकानी भएको समेत परराष्ट्र मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री कार्कीसँग चिनियाँ राजदूतको भेटवार्ता प्रधानमन्त्री कार्कीसँग नेपालका लागि चिनियाँ राजदूत चेन सङले शिष्टाचार भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रधानमन्त्री कार्कीले नेपाल-चीनबीच दुईपक्षीय सम्बन्ध ऐतिहासिक एवं घनिष्ट रहेको र एक चीन नीतिप्रति नेपाल सदैव प्रतिबद्ध रहेको बताइन् ।

सो अवसरमा प्रधानमन्त्रीले कार्कीले आगामी दिनमा व्यापार, लगानी, सम्पर्क सञ्जाल, कृषि, ऊर्जा, पर्यटन, प्रविधि हस्तान्तरणलगायतका क्षेत्रमा चीनबाट प्राप्त सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुंगानाले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीले बाढीले बगाएको रसुवागढीस्थित मितेरी पुल पुनःनिर्माणमा तत्परतासहित चीन सरकारबाट प्राप्त सहयोगका लागि धन्यवाद दिँदै अन्य नाकाहरूबाट पनि आवतजावत सहजीकरणका लागि आवश्यक सहयोग प्राप्त हुने विश्वास व्यक्त गरिन् ।

नेपालका लागि चिनियाँ राजदूत चेन सङले चीन सरकारको तर्फबाट प्रधानमन्त्री कार्कीलाई बधाई दिँदै नेपाल र चीनबीचमा रहिआएको सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गरे ।

# कालीगण्डकी कोरिडोर : २ सय ३४ किमी कालोपत्र, ३६ वटा पुल निर्माण



**बागलुङ/मस-** राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको गैँडाकोट-राम्दी-मालढुङ्गा खण्डमा ८० प्रतिशत भौतिक काम भएको छ । आयोजना सुरु भएको १६ वर्षमा करिडोरअन्तर्गत उक्त खण्डमा पर्ने २९३ किमीमध्ये २३४ किमी सडक कालोपत्र, ३६ वटा पुल निर्माणसम्पन्न भएका छन् भने छवटा पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

गैँडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पाल्पाको तथ्यांक अनुसार बागलुङ, गुल्मी, पाल्पा, नवलपुर र कालीगण्डकी लोकमार्ग मिर्मि-सेतीवेनी-फलेवास-अर्मादी-कुश्मा खण्डकको स्याङ्जा र पर्वत जिल्लामा फैलिएको उक्त खण्डमा ८० प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत वित्तीय प्रगति भएको छ । आयोजना सुरु भएको १६ वर्षमा बाटो खोल्न, स्तरोन्नति, चौडा पार्न, कालोपत्र गर्न र पुलहरू निर्माणका लागि रु १४ अर्ब सात करोड खर्च भएको करिडोर आयोजनाका इन्जिनियर उत्सव बस्यालले जानकारी दिए ।

आर्थिक वर्ष २०६६/६७ मा सुरु गरिएको आयोजना र २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । रु २० अर्ब लागत अनुमान गरिएको उक्त २९३ किमी खण्डमा हालसम्म ७० प्रतिशत रकम खर्च भइसकेको छ। इन्जिनियर बस्यालले हालसम्म १४५ किमी सडक सम्पन्न भएर सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको जानकारी दिनुभयो । उक्त खण्डमा पहिराको ठेक्का व्यवस्थापन, शून्य दशमलव ४२ किमी सडकको ठेक्का व्यवस्थापन र १७ वटा पुल बन्न बाँकी रहेको उनले जानकारी दिए।

# रास्वपाले 'सद्भाव तथा सहकार्य अभियान' सुरु गर्ने



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मतदाता नामावली दर्ताका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा अभियान सञ्चालन गर्ने भएको छ ।

पार्टी सचिवालयको आजको बैठकले वर्तमान सरकारले विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गर्ने अधिकारबारे देखाएको चासोलाई स्वागत गर्दै आवश्यक सहयोग गर्न प्रतिबद्धता व्यक्त गरेको हो ।

रास्वपाका प्रवक्ता मनिष झाले जेनजीका धेरै नागरिक मतदाता नामावलीमा सूचीकृत नभएको अवस्थालाई ध्यानमा राख्दै आफूहरुले मतदाता नामावली दर्ताका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा अभियान सञ्चालन गर्ने निर्णय बैठकले गरेको जानकारी दिए ।

पार्टीले प्रवासमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता प्रक्रिया पूर्ण रूपमा अनलाइनबाट गर्ने व्यवस्था मिलाउन, नेपालका विदेशस्थित दूतावास/कन्सुलेट तथा नेपालका अन्तरराष्ट्रिय विमानस्थलका आगमन र प्रस्थान दुवै क्षेत्रबाट बायोमेट्रिक सेवा उपलब्ध गराउने व्यवस्था गर्न प्रस्तावसमेत गर्ने जनाएको छ ।

यस्तै, रास्वपाले सद्भाव तथा सहकार्य अभियान सुरु गर्ने निर्णय गरेको छ। 'जेनजी आन्दोलनपछिको संवेदनशील अवस्थालाई लिएर समाज थप विभाजित नहोस् भन्ने उद्देश्यले पार्टीले 'सद्भाव तथा सहकार्य अभियान' प्रारम्भ गर्नेछ,' बैठकका निर्णय समावेश विज्ञप्तिमा भनिएको छ । आगामी फागुनमा आमनिर्वाचन तय भएसँगै रास्वपाको पहिलो महाधिवेशनको पूर्वनिर्धारित कार्यक्रम प्रभावित हुने भएको छ। सचिवालयको बैठकले परिवर्तित परिस्थितिलाई ध्यानमा राखी महाधिवेशनबारे आवश्यक छलफल र निर्णय आगामी बैठकमा गर्ने प्रस्ताव समेत गरेको छ ।

# दसैंको मुखमा काम खोज्दै भारत जानेहरूको लर्को



**कञ्चनपुर/मस-** हिन्दू नेपालीहरूको महान् चाड दसैँ आउन एक साता मात्रै बाँकी छ । यतिबेला दसैं मनाउनका लागि देश विदेशबाट आफ्नो घर फर्किँदैछन् । सुदूरपश्चिममा भने दसैंको मुखमा काम खोज्दै भारत जानेहरूको लर्को छ ।

विगतमा यस बेलासम्म रोजगारीका लागि भारतमा रहेका नेपालीहरू यहाँको गड्डाचौकी नाका भएर घर फर्किने क्रम बढिसकेको हुन्थ्यो । दैनिक हजारौँको सङ्ख्यामा नेपाली स्वदेश फर्किने यो नाकामा यस पटक फरक भने दृश्य देखिएको छ । हाल यस नाकाबाट स्वदेश आउनेभन्दा काम खोज्दै भारत जानेको संख्या बढी छ । चाडपर्वका बेला विद्यालयमा लामो बिदा हुने भएकाले अभिभावकसँगै बालबालिका पनि भारत गइरहेका देखिन्छन् ।

परिवारसहित काम खोज्दै भारतको हिमाञ्चल प्रदेश जान लागेका डोटीको जोरायल गाउँपालिका-२ का करन थापा मङ्गलबार गड्डाचौकी नाकामा भेटिए । 'साँझ-बिहान छाक टार्न समस्या छ, पैसा नभई कसरी दसैं हुन्छ', उनले भने, 'पैसा भयो भने तिहार मनाउन आउँछु । यसपटक घरमा बसेर दसैं मनाउन पाइएन ।' थापाले दसैंको समयमा बालबच्चाको विद्यालय बिदा भएका कारण परिवारका सबैजना काम खोज्दै हिमाञ्चलन प्रदेश जान लागेको बताए ।

थापा मात्रै होइन डोटीको बाजिलेकका २५ जनाको परिवार काम खोज्दै भारतको हिमाञ्चल प्रदेश गएका छन् । बाजिलेकका मीनादेवी थापाले स्वदेशमा रोजगारी नपाएपछि श्रीमान्सहित मजदुरीका लागि भारतको सिमला जान लागेको सुनाइन् ।

लालाबालासहित काम खोज्दै भारत जान लागेका बाजिलेककै बलबहादुर थापाले दसैंको मुखमा आफूहरू बाध्यताले विदेश जान लागेको बताए । गरिबीका कारण परिवार पाल्न मुस्किल भएपछि चाडपर्वको मुखमा सुदूरपश्चिमका नाका भएर दैनिक सयौँ नेपाली रोजगारीका लागि भारत जाने गरेका छन् ।

# मनसुन बर्हिगमनमा समय लाग्ने



**काठमाडौं/मस-** नेपालबाट मनसुन बर्हिगमनमा समय लाग्ने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाका मौसमविद् सञ्जिव अधिकारीका अनुसार मनसुन सक्रिय रहेकाले तत्काल बर्हिगमन हुने देखिएको छैन ।

भारतमा औसतको तुलनामा करिब दुई दिन छिटोगरी मनसुन बर्हिगमन भइरहेको छ । नेपालमा अक्टोबर २ तारिखमा मनसुन सकिने समय हो । नेपालमा यसपाली १५ दिन छिटो मनसुन प्रवेश गरेको थियो । नेपालमा मनसुन भित्रिने मिति सरदर जुन १३ हो ।

मनसुन जारी रहेकाले आगामी दिन पनि वर्षाको हुने महाशाखाले उल्लेख गरेको छ । यद्यपि, तुलनात्मक रुपमा मनसुन क्रमशः कमजोर हुँदै गइरहेको छ। मनसुन आज र भोलिभन्दा शनिबार कमजोर हुने महाशाखाको पूर्वानुमान छ । ठूलो वर्षाको सम्भावना नरहे पनि खण्डित रुपमा ४० मिलिमिटरसम्म वर्षा हुने जनाइएको छ ।

शुक्रबार असोज ३ गते देशभर साधरणतया बदली रही कोसी, बागमती गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना छ । कोसी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भूभागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

असोज ४ गते कोसी, बागमती र गण्डकी प्रदेशलगायत देशका बाँकी भू-भागमा साधारणतया बदली रहनेछ। कोसी, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा तथा मधेस प्रदेशलगायत बाँकी पहाडी भूभागका एक-दुई स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ। हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थान आसपास अवस्थित रहेको छ। अरब सागर तथा बङ्गालको खाडीबाट जलवाष्फयुक्त हावाकोसमेत प्रभाव रहेको महाशाखाले जनाएको छ ।


## सत्यवती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश

### प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०३**

यस कार्यालयबाट मिति २०८२/०४/११ गते बुटवल टुडे राष्ट्रिय दैनिक साथै www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार देहाय कार्यका लागी निर्धारित समय भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएका हुदाँ निम्न स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको हुदाँ सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद नियमावली २०६४ को (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| S. N | Name of Project | Contract ID | Substantially Responsive Bidder in Technical Evaluation | Opening Date, Time & Venue |
|---|---|---|---|---|
| 1. | Construction and Upgradation of Rudrabeni-Aslewa-Thulolumpek Road | SRM/ROAD/W/ NCB/01/2082-083 | Rajesory Construction Pvt. Ltd., Digam-6, Gulmi | Date: 2082/06/10 (26th Sept 2025) Time: 13:00 Venue: Satyawati Rural Municipality Office, Johang,Gulmi |
| | | | Arjun Builders and Construction Pvt. Ltd., Resunga-9, Gulmi | |
| | | | Aakriti-Nawa Kamal J.V, Butwal,Rupandehi | |
| | | | Nishan-Tista J.V., Purtighat,Gulmi | |
| | | | Darshan-Rangkhola Siddhababa J.V., Waling-9,syangja | |
| | | | Gorakhnath-Archi-Avyudaya J.V., Gokarneshwor, Kathmandu, | |
| 2. | Construction and Upgradation of Shahghat-Limgha-Satyawati Road | SRM/ROAD/W/ NCB/02/2082-083 | Trailokya Builders and Consultants, Mahalaxmi-05, Lalitpur | |
| | | | Nawakamal-Bluestone J.V., Butwal, Rupandehi | |
| | | | Yatraa-Khanal J.V., Reshunga-01, Gulmi | |
| | | | Tandabeshwor-Western Popular J.V, Tamghas, Gulmi | |
| | | | P.K. Stone/Ethics Engineering J.V., Galkot-03, Baglung | |

**कमल प्रसाद भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**



## Besishahar Municipality
## Office of Municipal Executive
**Besishahar , Lamjung**

### INVITATION FOR ELECTRONIC BIDS

**First Date of Notice Publication : 2082/06/03**

1. Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) (Without Vat and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| BM/W/ NCB/082/083/06 | Dhurpure-Duithok-Bimda-Bakhrejagat-Nalma Road Upgrading Work, Ward No. 09 | 59,02,319.60 | 1,75,000 | 3,000 |
| BM/W/ NCB/082/083/07 | Construction/Upgrading of Roads under Package (Ranikuwa-Tari-Baagar-Kagatibote Road, Besishahar Buspark-Karpureshwor Park to Bahunbesi Linkroad & Ranikuwa-Gairi-Deubuje Road) Ward no. 3 & 8 | 64,26,424.89 | 1,87,500 | 3,000 |
| BM/W/ NCB/082/083/08 | Ritthebagar-Bhakunde-Tinpiple-Tilahar Road Upgrading Work, Ward no. 11 | 42,48,675.90 | 1,25,000 | 3,000 |
| BM/W/ NCB/082/083/09 | Bhalam Khola Charchare Malebagar Drain Construction and Irrigation Project, Ward no. 6 | 21,18,103.24 | 62,500 | 3,000 |

2. Bidding Documents is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank .

**Information to deposit Bid Fee and Bid Security**

**For Bid Security**
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality Dharauti Khata (Ga-3)
Aantarik Rajaswo (Ga-1-1)
Account Number : 3040100303000002

**For Bid Document Fee**
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality
Account Number : 3040100301010002

# अस्कर अवार्डमा नेपालबाट ‘अञ्जिला’ सिफारिस




**काठमाडौं/मस–** ‘द एकेडेमी अफ मोसन पिक्चर आर्ट्स एन्ड साइन्सेस (अस्कर अवार्ड)’मा नेपालको प्रतिनिधित्व चलचित्र ‘अञ्जिला’ले गर्ने भएको छ ।

नेपालस्थित अन्तर्राष्ट्रिय फिचर चलचित्र छनोट समितिले संयुक्त राज्य अमेरिकामा आयोजना हुने ९८औं ‘अस्कर अवार्ड’ अन्तर्गत ‘अन्तर्राष्ट्रिय फिचर फिल्म’ विधामा नेपालबाट ‘अञ्जिला’ चलचित्र सिफारिस भएको जानकारी दिएको छ ।

छनोट समितिका अध्यक्ष विमल पौडेलले प्राप्त चलचित्रमध्येबाट विषयवस्तु, कलात्मकता र त्यसले दिएको सन्देशलाई मध्यनजर गर्दै ‘अञ्जिला’लाई प्रतिनिधित्व गराउने निर्णय भएको जानकारी दिए ।

उनले भने, ‘चलचित्रको गहन मूल्यांकनपछि प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण र कलात्मक शिल्पलाई ध्यानमा राखेर हामीले सो चलचित्रलाई छनोट गरेका हौं ।’

चलचित्र ‘अञ्जिला’ नेपाली महिला फुटवल टिमकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित छ । खेलाडी सुब्बाले नै अभिनय गरेको चलचित्रलाई मिलन चाम्सले निर्देशन गरेका हुन् । उक्त चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठले खेलाडीको विषयमा बनेको चलचित्रले नेपालमा प्रतिनिधित्व गर्नु गौरवको विषय रहेको बताए ।

‘नेपालले खेलमा राम्रो प्रगति गरिरहेको छ, सोही कारण हामीले खेलाडी सुब्बाको जीवनी र संघर्षलाई समेटेर चलचित्र तयार गरेका हौं । यसले नेपालको सुन्दरतासँगै महिला खेलाडीको संघर्षपूर्ण यात्रा र सफलताको कथा समेटेको छ । यो अन्यका लागि प्रेरणा पनि बन्ने छ’, निर्माता श्रेष्ठले भने ।

चलचित्र ‘अञ्जिला’मा खेलाडी सुब्बासँगै दयाहाङ राई, सृजना सुब्बा, माओत्से गुरुङ, बुद्धी तामाङलगायतका कलाकारले अभिनय गरेका छन् । निर्माण पक्षका अनुसार गत वर्ष नेपालमा प्रदर्शन भएको सो चलचित्रले रु नौ करोडको हाराहारीमा व्यापार गर्न सफल भएको थियो ।

**Kuwait मा रोजगार** Company : The Co Company For Wholesale And Retail Trade

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/१०/२४ चलानी नं.: ६०२३२६२७ LT No.: 318412

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Autocad Desinger | 5 | 0 | काममा दक्ष | 200 | ९२,३७०।- | कम्पनी नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियमानुसार | छ | छ | २ वर्ष |
| २. | Cashier | 5 | 0 | | 140 | ६४,६६०।- | | | | | | | |
| ३. | Cnc Operator | 5 | 0 | | 200 | ९२,३७०।- | | | | | | | |
| ४. | Cook | 4 | 0 | | 150 | ६९,२७५।- | | | | | | | |
| ५. | Electrician Gen. | 13 | 0 | | 130 | ६०,०००।- | | | | | | | |
| ६. | Helper | 20 | 0 | | 110 | ५०,८००।- | | | | | | | |
| ७. | Steel & Aluminum Works Helper | 10 | 0 | | 140 | ६४,६६०।- | | | | | | | |
| ८. | Tailor | 4 | 0 | | 140 | ६४,६६०।- | | | | | | | |
| ९. | Tig Welder | 10 | 0 | | 180 | ८३,१३०।- | | | | | | | |

Nijara Craft Furniture & Joinery पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/२१ चलानी नं.: ६०२३९११८ LT No.: 325168

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Finishing Carpenter | 19 | 0 | काममा दक्ष | 120 | ५५,४२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Furniture Carpenter Supervisor | 5 | 0 | | 180 | ८३,१३०।- | | | | | | | |
| ३. | Machine Operator | 5 | 0 | | 200 | ९२,३७०।- | | | | | | | |
| ४. | Polisher/Painter | 10 | 0 | | 120 | ५५,४२०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८२ असोज १० गते (26 Sept., 2025) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।**

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 98010447 9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**जापानमा रोजगार** Wato Koryu Cooperative Society

पुर्व स्वीकृती मितिः २०८२/६/२ चलानी नं. ६०२४५०१० LT No.: 331145

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 2 | काममा दक्ष | 187129 | १,७८,४९५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

Cross Culture Comminnity Cooperative पुर्व स्वीकृती मितिः २०८२/५/३१ चलानी नं. ६०२४५०१२ LT No.: 331144

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaffolding | 3 | काममा दक्ष | 189000 | १८०,२८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.४०,०००/– |

**प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा २०८२/६/१० गते (26 Sept., 2025) हुनेछ ।**

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा–०९, काठमाडौं, फोनः ०१–४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी) , ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"

# लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्काको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८२/०६/०३**

यस कार्यालयद्वारा चालु आ.व. २०८२/०८३ को लागि यस नगरपालिकाको नगरसभाको विशेष अधिवेशनको निर्णय बमोजिम उल्लेखित कर संकलन कार्य विशेष परिस्थितिमा ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले यसअधि मिति २०८२/०५/१३ मा आव्हान गरिएको बोलपत्रको सूचना अनुसार कुनै पनि बोलपत्र पेश नभएकोले इच्छुक फर्म, वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न शर्तहरुमा रही बोलपत्र पेश गर्नु हुन यो सूचना पुन: प्रकाशित गरिएको छ।

**निम्नः**

१. बोलपत्र दस्तुर रु. ३,०००।०० को भौचर लेटाङ नगरपालिकाको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग१.१) आन्तरिक राजस्व खाता नं २४५०१००३०१०१०००२, राजस्व शीर्षक नं १४२४९ मा (पछि फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ।
२. बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापत आफूले कबूल गरेको मु.अ. कर सहितको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग३) धरौटी खाता नं. २४५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको बैकबाट जारी भएको २०८२ माघ ०८ सम्म म्याद भएको बोलपत्र जमानत संलग्न गर्नुपर्नेछ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लिखित कार्यहरू गरिनेछ।
४. यस कार्यका लागि Pre bid Meeting मिति २०८२.०६.०७ गते दिनको १ बजे यस कार्यालयमा बस्नेछ।
५. रितपूर्वक दाखिला भएको बोलपत्रहरू देहायअनुसारको मिति र समयमा यस कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन।
७. बोलपत्र पेश गर्न व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को लागि नविकरण भएको, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
८. ठेक्का सम्बन्धमा प्रचलित कानुन अनुसारका बुझाउनुपर्ने कर, दस्तुर, महसुल ठेकेदार आफैँले बुझाउनु पर्नेछ।
९. आफूले कबोल गरेको रकम एकमुस्ट बुझाई सम्झौता गर्न आएमा सत्रौ नगरसभाको निर्णय बमोजिम १० प्रतिशतसम्म छुट दिइनेछ। तर मु.अ. करमा छुट हुने छैन।
१०. किस्तामा बुझाउन चाहेमा प्रथम किस्ता बापत ६० प्रतिशत रकम सम्झौता हुँदाको बखत बुझाउनु पर्ने र दोस्रो किस्ता २० प्रतिशत माघ मसान्तसम्म र अन्तिम किस्ता २० प्रतिशत वैशाख मसान्तसम्म बुझाउनु पर्नेछ। तर त्यसरी किस्तामा सम्झौता गर्दा बुझाउन बाँकी रकम बराबरको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ।
११. ठेक्काको अवधि २०८३ असार मसान्त सम्म भएतापनि कुनै कारणवश सम्झौता गर्न ढिलाइमा ठेकेदारले कबोल गरेको न्यूनतम अंक सम्झौता गरेको मिति देखि लागु हुनेछ। सो सम्बन्धमा ठेकेदारले कबोल अंकमा कुनै घटी दाबी गर्न पाउने छैन।
१२. अन्य कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कबोल अङ्क (मु.अ.कर सहित) | दरभाउ पत्र फारम दस्तुर | दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| १. | LM/MOR/NCB/EREV/2082/083/01 | लेटाङ-४ को शनिवारे हाट, किर्तिमान हाट, बुधवारे हाट र जाँतेको साप्ताहिक हाटबजार, शनिवारे हाटको खुल्ला टहराको बिटौरी कर र सोही स्थानको १५ (पन्ध्र) वटा सटरको भाडा, बिगतको आरोग्य केन्द्रलाई भाडामा दिएको शटर भाडा शौचालय समेत, जडीबुटी, कबाडी र कवाडीजन्य बस्तु, बनकस र सोही प्रकारका व्यवसायीक उपयोगकर (निकासी) र स्थानीय पूर्वाधार उपयोग सेवा शुल्कको आय ठेक्का | ७३,४५,०००.०० | रू. ३,०००।०० | २०८२/०६/०९ गते दिउँसो १२:०० बजे सम्म E-bidding मार्फत |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
**पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!**

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

**Employer Company : Insight Alliance Security Services Sdn. Bhd.**
**रोजगारदाता कम्पनी : इन्साइट अलायन्स सेक्युरिटि सर्भिसेस् एसडिएन बिएचडि**
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Employer Company Address/Job Site : Selangor, Malaysia | सेलांगर, मलेशिया

Insight Alliance Security Services Sdn Bhd company provides security services.
इन्साइट अलायन्स सेक्युरिटि सर्भिसेस् एसडिएन बिएचडि कम्पनीले सेक्युरिटिको सेवा प्रदान गर्दछ ।
The Security Guard is responsible for ensuring the safety and protection of company premises and workers' accommodations. Key duties include monitoring access control, responding to incidents, maintaining accurate security logs, and supporting compliance with safety and regulatory standards. The role also involves close collaboration with management to safeguard employees and company assets effectively.
सुरक्षा गार्डले कम्पनीको परिसर, आवास तथा सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्दछ। यसअन्तर्गत कम्पनीमा प्रवेश नियन्त्रण र निगरानी गर्ने, आगन्तुकको विवरण अभिलेख राख्ने, र सुरक्षा तथा नियामक मापदण्डहरूको पालना सुनिश्चित गर्ने कार्य पर्दछ।

| पूर्व स्वीकृत मितिः २०२५/०९/१४ | चलानी नंः ६०२४४७८१ | एल टि नं : ३३०९४५ |
|---|---|---|
| Pre Approval Date: 2025/09/14 | Invoice No.: 60244781 | LT No.: 330945 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सेक्युरिटि गार्ड Security Guard | २० 20 | अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्न Able to reading, writing and speak English | १६०० 1700 | ५६,८९९ 56,899 | कम्पनीको नियम अनुसार As per the company rule | १२ घण्टा (१ घण्टा ब्रेक) 12 Hours (1 hour break) | ४ दिन 4 Days | वार्षिक ८ दिन ड मबथक उभच थमबच | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरु**

1. Nature /Scope of Work :Security Guard
कार्यको प्रकृती/क्षेत्रः सुरक्षा गार्ड
2. Work Shift (कार्य शत्र):- Day Shift (दिवा शत्र)/ Night Shift (रात्रीकालिन शत्र)
3. Overtime Facility (ओभरटाइम सुविधा):- The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. (मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)
Overtime calculation will be as below: (ओ भरटाइमको गणना निम्नानुसार हुने छ):
i) On Normal Days: Salary x 1.5 (सामान्य दिनको तलब ह १.५)
ii) On Sunday/Rest Days: Salary x 2.0 (आइतबार र आराम दिनको तलब ह २.०)
iii) On Public holidays: Salary x 3.0 (सार्वजनिक बिदाको दिनको तलब ह ३.०)
4. Leave Entitlements & Working Hours (बिदा र कार्य घण्टा सम्बन्धी विवरण)
All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period. (सबै बिदा अधिकारहरू नियमानुसर पूर्ण रूपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागू हुनेछ ।)
a. Leave Entitlements (बिदा सम्बन्धी विवरण)
• Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
• Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
• Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
• Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)
b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)
Under Malaysian Employment Act, 1995, Key Details on Working Hours, which will be implemented (मलसियाली रोजगार ऐन, १९९५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
• Weekly Limit: The Maximum of 45 hours (साप्ताहिक सीमाः अधिकतम ४५ घण्टा)
• Breaks: At least 30 minutes after working for 5 consecutive hours (विश्रामः लगातार ५ घण्टा काम गरेपछि कम्तीमा ३० मिनेटको ब्रेक)
• Rest day: Will get a day off in a week (आराम दिनः हप्तामा एक दिन बिदा पाउने ।)
Workers can return to their home country in the event of an emergency without incurring any penalties. (“आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।”)
5. Medical and Accident Insurance (मे डिकल र दुर्घ टना बीमा): Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ ।
6. Right to freedom of association and collective bargaining will be respected. (संघको अधिकार र सामुहिक बागेनिङलाई सम्मान गरिनेछ ।)
7. Right to freedom of Religion. (धर्मको स्वतन्त्रताको अधिकार।)
8. Right to Freedom of Movement and allowed to repatriate without any Deposits. (आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।।)
9. Incase of Repatriation and Early Termination,Employer shall bear the cost of Transportation from Malaysia to Nepal. ( स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ।)

| स्वदेशमा बनाउने पासपोटको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगार दाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००र( रोजगार दाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)
1. Orientation & Counselling Session (अभिमुखीकरण तथा परामर्श शत्र)
The Orientation and Counselling Session will be held from 19th September 2025 to 24th September 2025 at IMR office premises.
अभिमुखीकरण तथा परामर्श शत्र ३ असोज देखि ८ असोज २०८२ सम्म कार्यालय परिसरमा सञ्चालन हुनेछ ।
2. Final Interview (अन्तिम-अन्तर्वार्ता )
The final interview is scheduled to take place on 26 September 2025 (Final interview date), at IMR office premises.
(अन्तिम-अन्तर्वार्ता मिति २०८२ असोज १० गते कार्यालय परिसरमा हुनेछ ।)

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**
ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: (नोटः)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment including any form of gift, bonds or loans.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सवै इच्छुक आवेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ। पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3.This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३.यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport, national identity card, voter's card, driving license, etc. Among them, passport is mandatory.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Ifll\egal Recruiters**
धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन ९७७ ९८०११३७७६९ मा रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नु वा grievance@imrsolution.com मा इमेल गर्नुहोस्।हामी तपाईको गोपनीयता कायम राख्नेछौं।
Feel free to report against froud, ifll\egal activities or corruption in IMR's hotline +9779801137769 or emalif\ at grievance@imrsolution.com.We shlla maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अधिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
**Information provided by the Department of Foreign Employment (DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Buddhanagar.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346 | 5204347 | 5204348
Mobile No.: +977 9801045628 | 9851191649

# ‘वेस्ट इन्डिजसँगको शृंखला ऐतिहासिक’



**काठमाडौं/मस-** नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले आइसिसी टी-२० विश्वकप एसिया छनोट अगाडि वेस्ट इन्डिजसँगको शृंखला महत्वपूर्ण रहेको बताएका छन् ।

पहिलोपल्ट नेपालले टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग तीन खेलको टी-२० क्रिकेट श्रृंखला खेल्दै छ। उक्त श्रृंखला नेपालले संयुक्त अरब इमिरेट्स (युएई) मा आगामी सेप्टेम्बर २७ देखि खेल्ने तालिका छ ।

यसै श्रृंखलाका लागि बिहीबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा भएको बिदाइ कार्यक्रममा नेपालका कप्तान रोहितले वेस्ट इण्डिजसँगको श्रृंखला नेपाली टोलीका लागि ऐतिहासिक रहेको बताएका हुन् । नेपालले ओमानमा आगामी अक्टोबर ८ देखि १७ सम्म हुने आइसिसी टी-२० विश्वकप एसिया प्यासिफिक रिजनल फाइनलको तयारीका लागि यो श्रृंखला खेल्न लागेको हो । त्यसैले छनोट अगाडि वेस्ट इन्डिजसँगको शृंखला महत्वपूर्ण हुने कप्तान रोहितको विश्वास छ ।

उनले यो शृंखला नेपालका लागि ऐतिहासिक रहेको उल्लेख गरे । रोहितले वेस्ट इन्डिजसँगको खेलका लागि आफ्नो टोली तयार रहेको पनि बताए । गत एक महिनादेखि अस्ट्रेलियामा पनि राम्रो तयारी गरेको र खेलहरू पनि खेलेकाले नेपाली टोलीको तयारी समग्रमा प्रभावकारी बनेको उनी बताउँछन् ।

उनले सबै खेलाडी राम्रो लयमा देखिएको उल्लेख गरे। तर मैदानमा जसले उत्कृष्ट प्रदर्शन गर्छ त्यो नै प्लेइङ ११ मा पर्ने उनको भनाइ छ। वेस्ट इण्डिजसँगको खेलका लागि टोली उत्साहित रहेको र आगामी खेलमा ध्यान केन्द्रित गरेको कप्तान रोहित बताउँछन् ।

यसअघि वेस्ट इन्डिज ‘ए’सँग खेल्दा ३-२ भएको र त्यो नतिजाले आफूहरूलाई प्रेरणा मिलेको उनको भनाइ छ । पछिल्लो दुई वर्ष टेस्ट राष्ट्रसँग खेलेका कारण सबै खेलाडीमा आत्मविश्वास बढेको उनी बताउँछन् । वेस्ट इन्डिजसँगको खेलबाट राम्रो तयारी पाउने र नेपाल विश्वकपमा छनोट हुने उनको विश्वास छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङ, नेपाल क्रिकेट संघ (क्यान) को उपाध्यक्ष रोशन सिंह र सचिव पारस खड्कालगायतले नेपाली टोलीको बिदाइ गरेका थिए। नेपाली टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले पनि वेस्ट इन्डिजसँगको सिरिज ऐतिहासिक र नेपाली क्रिकेटका लागि अवसरका रूपमा लिएको बताएका छन् ।

महत्वपूर्ण प्रतियोगिता टी-२० विश्वकप क्वालिफायर आउँदै गरेकाले यस शृंखला नेपाली क्रिकेटका लागि राम्रो अवसर रहेको प्रशिक्षक ज्ञानेन्द्र बताउँछन्। यस शृंखलाका लागि नेपाली टोलीले तयारी पनि राम्रो गरेको उल्लेख गरे । यस शृंखलाबाट नेपालले भरपूर सदुपयोग गर्नेमा उनी विश्वस्त छन् । साथै उनले टेस्ट राष्ट्रलाई हराउने अवसरका रूपमा पनि यसलाई लिएका छन् ।

टेस्ट राष्ट्र बन्नका लागि यस्ता टोलीहरूसँग खेल्न आवश्यक रहेको ज्ञानेन्द्रले बताए। यस्तै टोलीहरूसँग खेले मात्र टेस्ट राष्ट्र बन्ने नेपालको यात्रामा मद्दत पुग्ने उनको आशा छ। तर सबैले आफ्नो क्षेत्रमा राम्रो जिम्मेवारी वहन गरेको प्रशिक्षक ज्ञानेन्द्रले बताए । युएईमा राम्रो तयारी गर्दै विश्वकपमा छनोट हुने लक्ष्य रहेको उनले बताए ।

विश्वकपमा छनोट हुँदै समग्र नेपाललाई खुसी दिने लक्ष्य रहेको र त्यसका लागि तयारी पनि प्रभावकारी भएको उनको विश्वास छ। राखेपका सदस्यसचिव टंकलाल घिसिङले टेस्ट टोलीसँगै बिरलै क्रिकेट खेल्न पाउने अवसर मिल्ने र यो अवसर सही रूपमा प्रयोग हुनेमा आफू आशावादी रहेको बताए। यसको व्यवस्थापन गरेकोमा उनले क्यानलाई पनि धन्यवाद दिएका छन् । यस शृंखलाका लागि अवसरका रूपमा लिएर त्यहीअनुरूप प्रदर्शन गर्न पनि खेलाडी तयार हुने उनको विश्वास छ । टी-२० विश्वकप छनोटमा पनि नेपाली टोलीबाट राम्रो प्रदर्शन हुनेमा आफू विश्वस्त रहेको उनी बताउँछन् । क्वालिफायरमा सफलता दिलाउँदै देशलाई ठुलो सन्देश दिन उनले आग्रह गरेका छन् ।

देशमा अवस्था परिवर्तनका लागि युवापुस्ताको आन्दोलनमा त्यति धेरै बालिदानी हुन्छ भनेर कसैले नसोचेको उनले उल्लेख गरे । त्यो आन्दोलनमा शहीद हुनेहरूप्रति समग्र खेलकुद क्षेत्रबाट उनले श्रद्धाञ्जली अर्पण गरेका छन्। यस क्रममा उदाउँदा क्रिकेट खेलाडी पनि गुमाउनु परेको र केही अझै घाइते अवस्थामा उपचार गरिरहेको उनले उल्लेख गरेका छन्। यो आन्दोलनसँगै धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू अनिश्चत बनेको उनको भनाइ छ।

तर यस्तो अवस्थामा नेपाल प्रिमियर लिग (एनपिएल) समयमा आयोजना हुने प्रतिबद्धतालाई उनले स्वागत गरेका छन् । राखेप पनि यो आयोजना सम्पन्न गर्न हरेक किसिमको सहयोग गर्न तयार रहेको उनले प्रतिबद्धता व्यक्त गरेका छन्।

क्यानका उपाध्यक्ष रोशन सिंहले देशमा खुशी दिने नेपाली क्रिकेट नै रहेको र खेलपश्चात खेलाडीहरूको जीवन धान्ने वातावरण सिर्जना गर्न सरकारले ध्यान पुर्‍याउनुपर्ने धारणा राखे। इतिहास बनाउने खेलाडीका लागि राम्रो सेवा सुविधा प्रदान गर्न उनले आग्रह गरेका हुन् । उनले देशको अवस्था परिवर्तनमा युवाहरूको बालिदानीप्रति प्रशंसा गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन्।


## राष्ट्रिय खाद्य बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय का.म.न.पा. ३२ जडिबुटी, काठमाडौं

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०३ गते

आदरणीय शेयरधनी महानुभावहरू,

यस राष्ट्रिय खाद्य बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०५/२५ गतेको बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी [illegible]

सभा हुने मिति, स्थान र समय :
मिति : २०८२/०६/१८ (तदनुसार अक्टोबर ४, २०२५), शनिबार
स्थान : [illegible]
समय : बिहान ११ बजे

छलफलका विषयहरू :
क) साधारण प्रस्तावहरू :
१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत [illegible] वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
